## अध्याय एक

# शोध परिचय

## १.१ पृष्ठभूमि

भाषिक सीपको परीक्षण तथा मूल्याङ्कनका लागि भाषिक मूल्याङ्कनका साधनहरूको निर्माण गरिन्छ । भाषिक मूल्याङ्कनका साधनहरू निर्माण गर्ने विभिन्न आधारहरू हुन्छन् । भाषिक मूल्याङ्कनका साधनहरू विभिन्न खालका हुन्छन् जो मूल्याङ्कनका प्रकारका आधारमा निर्धारित हुन्छन् । सामान्यतः भाषिक सीपको मात्र होइन मूल्याङ्कनका लागि लिखित प्रश्नकै उपयोग गरिएको पाइन्छ । हाम्रो जस्तो प्रचलित भाषिक मूल्याङ्कन प्रणालीका सन्दर्भमा विद्यार्थीहरूको भाषिक सम्प्राप्तिको स्थिति मापन गर्ने उपयुक्त औजार प्रश्नपत्र नै हो । माध्यमिक र उच्च शिक्षामा मात्र होइन तल्ला तहमा पनि प्रयोगात्मक प्रणालीअनुसार मूल्याङ्कन गर्ने परिपाटी छैन भने पनि हुन्छ ।

प्रवेशिका परीक्षाको परम्परा हेर्दा वि.सं. १९९० सम्म पुग्नु पर्ने हुन्छ । जसको सुरुवातदेखि नै लिखित परीक्षाको प्रयोगबाट मूल्याङ्कन गर्ने प्रचलन थियो जुन हालसम्म पनि कायम छ । सम्पूर्ण विषयको मूल्याङ्कन प्रकृति थोर-बहुत लिखित प्रणालीमै आधारित देखिन्छ । जसमा नेपाली विषयको त झन् विशुद्ध लिखित परीक्षामा नै आधारित भएर मूल्याङ्कन गर्ने परिपाटी हालसम्म जीवित छ । यसरी अघि बढेको मूल्याङ्कन प्रणाली सुरुमा राष्ट्रभरी एकै प्रकारका प्रश्नपत्रका आधारमा गर्ने गरिन्थ्यो तर वि.सं. २०५९ पछि यसलाई संशोधन गरी क्षेत्रीय स्तरमा छुट्टै प्रकृतिको प्रश्न निर्माण गरी प्रयोग गर्न थालियो । यसरी प्रवेशिका परीक्षा २०६५ पनि क्षेत्रीय स्तरबाट नै सञ्चालित भएको पाइन्छ । २०६२ सम्म कक्षा ९ र १० का दुवै पाठ्यपुस्तकलाई आधार बनाएर प्रश्नपत्र निर्माण गरिँदै आएकोमा २०६३ देखि कक्षा ८ को पाठ्यपुस्तकलाई मात्र आधार बनाएर प्रश्नपत्र निर्माण गर्न थालिएको देखिन्छ ।

भाषिक प्रश्न निर्माण गर्दा उद्देश्यपरकता, वैधता, विश्वसनीयता, व्याप्यता, विभेदकारिता, व्यवहारयोग्यता जस्ता गुणहरूले ओतप्रोत भएका शुद्ध, स्पष्ट, निश्चित आयतनयुक्त तथा स्तरयुक्त प्रश्नहरूको निर्माण गर्नुपर्छ जसका लागि प्रश्नहरूको पूर्वपरीक्षण अत्यावश्यक हुन्छ । तर आजसम्म जेजसरी प्रश्ननिर्माण गरिएको भए तापनि सम्बन्धित पक्षले प्रश्नपत्रको विश्लेषण गरी उपयुक्तता र अनुपयुक्तताको आंकलन गरिएको भने पाइँदैन । प्रश्न निर्माण गर्दा पाठ्यक्रम अनुरूपता भए नभएको साथै पाठ्यांशको प्रकृति, विद्यार्थीको क्षमता, रुचि, स्तर आदिका दृष्टिले उपयुक्त भए नभएको मूल्याङ्कन गरिएको पाइँदैन । प्रश्न सोधाइमै परीक्षा सीमित रहेको पाइन्छ । तसर्थ यो अध्ययन कक्षा आठको जिल्लास्तरीय परीक्षा २०७४ मा उपयोग गरिएका प्रश्नहरुको अध्ययनमा केन्द्रित रहेको छ ।

## १.२ समस्याकथन

प्रश्नपत्रहरू भाषिक सीपको दक्षता परीक्षण गर्न महत्त्वपूर्ण साधन हुन् । विद्यार्थीहरूले हासिल गरेको उपलब्धिहरूको परीक्षण, मौखिक परीक्षण, कक्षा अवलोकन आदिद्वारा गर्न सकिए पनि मूलतः शैक्षिक सत्रको अन्तमा लिखित परीक्षाबाट नै गर्ने गरिन्छ । जसका लागि निर्माण गरिने प्रश्नहरू पाठ्यक्रम अनुरूप भए/नभएको परीक्षण गर्ने रहेको छ ।

प्रस्तुत शोधपत्रमा कक्षा ८ को जिल्ला स्तरीय परीक्षा २०७४ मा उपयोग गरिएका प्रश्नपत्रको अध्ययन गर्दा निम्न बमोजिमका सवाललाई समस्याको रूपमा केलाउने प्रयास गरिएको छ :

(क) कक्षा ८ को जिल्ला स्तरीय परीक्षा २०७४ सालमा उपयोग गरिएका प्रश्नहरू प्रश्न निर्माणका दृष्टिले के-कस्ता छन् ?

(ख) बाह्य र आन्तरिक आधारमा प्रश्नपत्रहरुको अध्ययन के कसरी गर्न सकिन्छ ?

## १.३ शोधअध्ययनका उद्देश्यहरू

प्रस्तुत शोधपत्रका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

(क) भाषिक प्रश्न निर्माणका आधारमा कक्षा ८ को जिल्ला स्तरीय परीक्षा २०७४ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन गर्नु,

(ख) बाह्य र आन्तरिक आधारमा प्रश्नपत्रहरुको अध्ययन गर्नु ।

## १.४ अध्ययनको औचित्य/महत्त्व

विद्यार्थीहरूको भाषिक सम्प्राप्तिको स्थिति मापन गर्ने एउटै मात्र औजारका रूपमा प्रश्नपत्र रहेको देखिन्छ । प्रश्नहरू निर्माण गर्दा उद्देश्यपरकता, वैधता, विश्वसनीयता, व्याप्तता, विभेदकारिता, व्यावहारोपयोगिता जस्ता आन्तरिक र बाह्य गुणले युक्त शुद्ध, स्पष्ट र स्तरयुक्तताजस्ता कुरामा ख्याल गरिनुपर्दछ। परीक्षणलाई स्तरीय बनाउने विभिन्न उपायमध्ये प्रश्न विश्लेषण पनि एक हो । परिवर्तित नयाँ पाठ्यक्रमअनुसार निरन्तर मूल्याङ्कन र विश्लेषण आवश्यक ठाने तापनि नि.मा.वि. तहको नेपाली भाषा विषयको प्रश्नहरूको विश्लेषणसमेत खास भएको देखिँदैन । शिक्षकहरूमा नयाँ विषयवस्तु र प्रश्न निर्माण सम्बन्धी अनुभवको समेत कमी रहेको परिप्रेक्ष्यमा प्रश्न निर्माणका क्रममा खासै गम्भीर नभई आवश्यकता पूरा गर्ने उद्देश्यले मात्र प्रश्न निर्माण गर्ने परिपाटीतर्फ ध्यानाकर्षण गरी उपयुक्त सुझाव पेश गर्न आवश्यक देखिन्छ । तसर्थ प्रस्तुत शोधपत्रले सम्बन्धित शिक्षक, परीक्षक, प्रश्न निर्माणकर्तालाई त्यस बारेमा स्पष्ट जानकारी गराउनु यस शोधपत्रको औचित्य रहेको छ ।

## १.५ अध्ययनको सीमाङ्कन

प्रस्तुत अध्ययनलाई निम्नानुसार सीमाङ्कन गरिएको छ :

(क) प्रस्तुत अध्ययन कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०७४ मा उपयोग गरिएका नेपाली विषयका प्रश्नको अध्ययनमा सीमित रहेको छ ।

(ख) प्रश्न निर्माणको सैद्धान्तिक आधारमा प्रस्तुत अध्ययन गरिएको छ ।

(ग) प्रस्तुत अध्ययनका क्रममा नेपाल अधिराज्यभरिका पाँच जिल्लाका प्रयोग गरिएका नेपाली विषयका १/१ वटा प्रश्नहरूलाई लिइएको छ ।

(घ) निर्दिष्ट प्रश्नहरूलाई विश्वसनीयता, वैधता, उपयुक्तता र स्तरयुक्तताका आधारमा अध्ययन गरिएको छ ।

(ङ) विशिष्टीकरण तालिकाका आधारमा प्रयुक्त प्रश्नहरूको विश्लेषण गरिएको छ ।

(च) सबल र दुर्बल पक्षहरूको अध्ययनमा यस शोधकार्यलाई केन्द्रित गरिएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसारको रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचय

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : व्याख्या तथा विश्लेषण

अध्याय पाँच : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भग्रन्थ सूची

परिशिष्ट

व्यक्तिवृत्त

अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

कुनै पनि विषयको अध्ययन अनुसन्धान गर्नुभन्दा पहिले उक्त विषयसँग सम्बन्धित के-कस्ता अध्ययन भएका छन् र कति हुन बाँकी छन् ? भनी पहिचान गर्नु नै पूर्वकार्यको समीक्षा हो । यसले पूर्व अध्ययनका सबल र दुर्बल पक्षहरू केलाउँदै सकारात्मक पक्षको अवलम्बन र नकारात्मक पक्षको सुधार सहित नयाँ तरिकाले आफ्नो अनुसन्धानलाई अगाडि बढाउन सहयोग पुऱ्याउने छ । पूर्वकार्यको समीक्षाबाट अनावश्यक कार्यमा अल्मलिनु नपर्ने, नयाँ कार्यको थालनीका लागि सैद्धान्तिक आधार र पृष्ठभूमि प्राप्त हुने आफूले प्राप्त गरेका तथ्य तथ्याङ्कहरूको व्याख्या विश्लेषणका लागि आधार प्राप्त हुने जस्ता महत्त्वपूर्ण उपलब्धिहरू प्राप्त गर्न सकिन्छ ।

माधवप्रसाद पौडेल (२०५२) द्वारा *जिल्ला स्तरीय परीक्षा २०५१ मा उपयोग गरिएका कक्षा ८ को नेपाली भाषाविषयक प्रश्नहरूको विश्लेषण* शीर्षकमा शोधपत्र तयार भएको पाइन्छ । उक्त शोधपत्रको उद्देश्य प्रश्न निर्माणका सैद्धान्तिक पृष्ठभूमिमा आधारित रही भाषिक प्रश्न निर्माणका आन्तरिक र बाह्य आधारहरू पहिचान गर्नु, बाह्य र आन्तरिक आधारका दृष्टिले जिल्ला स्तरीय परीक्षा २०५१ मा उपयोग गरिएका विभिन्न जिल्लाका कक्षा ८ का नेपाली भाषाका प्रश्नहरूको तुलनात्मक र सैद्धान्तिक विश्लेषण गर्नु, प्रश्न निर्माणमा देखा परेका कमजोरीहरूको पहिचान गरी निराकरणात्मक सुझाव पेश गर्नु रहेको पाइन्छ । क्षेत्रीय विधिद्वारा सामग्री सङ्कलन गरी वर्णनात्मक र विश्लेषणात्मक पद्धतिमा आधारित उक्त शोधपत्रमा प्रश्नपत्रमा दिइएको निर्देशन अस्पष्ट र त्रुटिपूर्ण रहेको, प्रश्नहरूमा एकरूपता नभएको, पूर्णाङ्क र समय निर्धारणमा विविधता रहेको, प्रश्नहरूको प्रस्तुति अनुक्रम अवैज्ञानिक रहेको र प्रश्नपत्र निर्माणमा पाठ्यक्रम अनुरूपतालाई उपेक्षा गरिएको जस्ता निष्कर्षहरू दिँदै सुझावहरू पेश गरेको छ ।

दिलिपकुमार आचार्य (२०५९) द्वारा *२०५८ सालमा उपयोग गरिएका कक्षा ८ को नेपाली भाषाका प्रश्नहरूको विश्लेषण* नामक शोधपत्र तयार पारिएको पाइन्छ । उक्त

अध्ययनका उद्देश्यहरूमा नेपाली भाषाका प्रश्न निर्माणमा विविध हुनुका कारणहरू पहिल्याउने, सङ्कलित प्रश्नहरूको तुलनात्मक अध्ययन विश्लेषण गर्न, प्राप्त त्रुटिका आधारमा सुझाव पेश गर्ने रहेका देखिन्छन् । अध्ययनका क्रममा क्षेत्रीय सामग्री सङ्कलन विधिद्वारा विविध क्षेत्रको प्रतिनिधित्व हुने गरी सामग्री सङ्कलन गरी प्रश्नपत्र विश्लेषणका बाह्य र आन्तरिक आधारका विविध उपआधारहरूमा आधारित रही अध्ययन विश्लेषण गरी निष्कर्षमा पुगिएको देखिन्छ ।

कमलबहादुर बस्नेत (२०६२) ले *कक्षा ८ को जिल्ला स्तरीय परीक्षा २०६१ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन* नामक शोधपत्रमा प्रश्नहरूको मूल्याङ्कन र विश्लेषणका लागि बाह्य र आन्तरिक आधारलाई मुख्य आधार मानी प्रश्नहरूको विश्लेषण गरी कमी कमजोरी पहिल्याई आवश्यक सुझाव दिनुजस्ता उद्देश्यमा आधारित छ । प्रस्तुत शोधमा निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति अनुक्रम, पाठ्यक्रमअनुरूपता आदिका आधारमा प्रश्नपत्रहरू कमजोर रहेको निष्कर्ष निकाली आवश्यक सुझावहरू समेत दिइएको छ ।

रेनुका गौतम (२०६३) द्वारा *कक्षा ८ को जिल्ला स्तरीय परीक्षा २०६४ मा उपयोग गरिएका प्रश्नको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारेको पाइन्छ । आन्तरिक तथा बाह्य विशेषताका आधारमा प्रतिनिधि प्रश्नपत्रको सैद्धान्तिक अध्ययन गर्नु, प्रश्नपत्रलाई पाठ्यक्रम तथा पाठ्य पुस्तक अनुरूपताका दृष्टिले अध्ययन गर्नु विशिष्टीकरण तालिकाका आधारमा विश्लेषण गर्नु आदि उक्त शोधपत्रका उद्देश्यहरू रहेका पाइन्छन् । पुस्तकालयीय विधि उपयोग गरिएको उक्त शोधपत्रका उद्देश्यहरू रहेका पाइन्छन् । पुस्तकालयीय विधिको उपयोग गरिएको उक्त शोधपत्रमा प्रश्न विश्लेषण गरी निर्देशन, अङ्क विभाजन, समय निर्धारण, प्रस्तुति, अनुक्रम, कागजको स्तर, छपाइ आदिका दृष्टिकोणले प्रश्नहरू कमजोर रहेको निष्कर्ष निकालिएको छ ।

पुष्पा शाह (२०६५) द्वारा *कक्षा ८ को जिल्ला स्तरीय परीक्षा २०६५ मा उपयोग गरिएका प्रश्नको अध्ययन* नामक शोधपत्र तयार गरिएको छ । प्रस्तुत शोधपत्रको उद्देश्य प्रश्न निर्माणमा सैद्धान्तिक आँकलन गर्ने प्रश्नपत्रका आन्तरिक र बाह्य विशेषताका आधारमा प्रतिनिधि प्रश्नपत्रको सैद्धान्तिक अध्ययन गर्नु, प्रश्नपत्रलाई पदक्रम तथा

पाठ्यपुस्तकका अनुरूपताका दृष्टिले अध्ययन गर्नु, विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्र निर्माण गरे/नगरेका प्रश्नपत्र सुधारका लागि आवश्यक सुझावहरू दिनु रहेका छन् ।

डा. यादवप्रकाश लामिछानेद्वारा उच्च माध्यमिक शिक्षा परिषद् योजना तथा अनुगमन महाशाखाद्वारा २०६५ सालको लघु शोध कार्यक्रम अन्तर्गत तयार पारिएको *उच्च माध्यमिक तह, अनिवार्य नेपाली भाषाका प्रश्नपत्रहरू (२०६०-६४) को अध्ययन र विश्लेषण* शीर्षकमा अनुसन्धान प्रतिवेदन प्रस्तुत गरिएको छ । उक्त लघु शोधपत्रमा प्रश्नपत्र निर्माणको सैद्धान्तिक परिचय प्रस्तुत गर्दै विशिष्टीकरण तालिकाको निर्माण, प्रश्न रचना, प्रश्नहरूको सङ्गठन, अङ्कन विधि र परीक्षण, प्रश्न विश्लेषणमा आधार, निर्देशन, अङ्क विभाजन, समय विभाजन प्रस्तुति क्रम, प्रश्नको स्वरूप, भाषापाठ्यक्रम अनुरूपता, भाषिक पक्षको संयोजन र सन्तुलित अवस्था, प्रश्नपत्रमा हुनुपर्ने गुण र वैधताजस्ता पक्षको उल्लेख गरिएको छ र अन्त्यमा सुझाव दिइएको छ ।

निर्मलकुमार आचार्य (२०६६) द्वारा *कक्षा ८ को जिल्ला स्तरीय परीक्षा २०६३ मा उपयोग गरिएका प्रश्नको अध्ययन* नामक शोधपत्र तयार पारिएको छ । उक्त अध्ययनको उद्देश्य नेपाली भाषाका प्रश्नपत्र निर्माणका आधारहरूको सैद्धान्तिक आँकलन गर्न प्रश्नपत्रका बाह्य र आन्तरिक वैधताका आधारको अध्ययनबाट प्राप्त कमी कमजोरी रहेको निष्कर्ष निकाली आवश्यक सुझाव पेश गरिएको पाइन्छ ।

मदनकुमार उप्रेती (२०६८) द्वारा *कक्षा ८ को जिल्ला स्तरीय परीक्षा २०६६ मा प्रयोग गरिएका प्रश्नको अध्ययन* शोधपत्र तयार पारिएको । उक्त शोधपत्रको उद्देश्य आन्तरिक र बाह्य विशेषताका आधारमा प्रश्नको सैद्धान्तिक अध्ययन गर्नु, विशिष्टीकरण तालिकाअनुसार प्रश्न निर्माण गरे/नगरेको कुरा पत्ता लगाई प्रश्न निर्माणमा रहेका कमजोरीहरू रहेको निष्कर्ष निकाली आवश्यक सुझावहरूसमेत प्रस्तुत गरेको पाइन्छ ।

यसरी विभिन्न समयमा विभिन्न शोधार्थीहरूद्वारा प्रश्नपत्रको विश्लेषणसम्बन्धी उपर्युक्त शोधकार्यहरू भएका भए पनि कक्षा ८ को जिल्ला स्तरीय परीक्षा २०७४ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन नभएकाले प्रस्तुत अध्ययन उपयुक्त लागेको छ ।

## २.२ सैद्धान्तिक परिचय

कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०७४ मा उपयोग गरिएका प्रश्नपत्रको अध्ययन शीर्षकको प्रस्तुत शोधपत्रको सैद्धान्तिक अध्ययन निम्नानुसार गरिएको छ :

### २.२.१ मूल्याङ्कनको अवधारणा

मूल्याङ्कन मानव समाजको स्थापना, विकास र विस्तारसँगै प्रत्यक्ष र परोक्ष रूपमा कुनै पनि वस्तु, घटना, चिज, प्रक्रिया आदिको लेखाजोखा छानविन, जाँचबुझ, ठीक बेठीक छुट्याउने कार्य हो । यसको अवधारणा चीनबाट सुरु भएको इतिहासले बताउँछ । मानवले जीवनका लक्ष्य र उद्देश्यको परिपूर्ति गर्ने क्रममा गल्ती, कमजोरी सफलता, असफलता पत्ता लगाई सुधार गर्ने निरन्तर प्रयास गर्दछ । परिवर्तन समयका साथसाथै यसको अवधारणामा पनि परिवर्तन आउन थाल्यो । सम्पूर्ण शैक्षिक कार्यक्रमको लेखाजोखा गरी मूल्य निर्धारण गर्ने कार्यलाई जनाउन थाल्यो । नवीन अवधारणा शिक्षा र मनोविज्ञानका क्षेत्रमा प्रयोग गरिने रूपमा परिचित भयो । सामान्यतः मूल्याङ्कन भनेको कुनै वस्तु, घटना, र कार्यको गुणात्मक र परिमाणात्मक लेखाजोखा गर्ने प्रक्रिया हो । शैक्षिक मूल्याङ्कन शिक्षण सिकाइ र प्रक्रियासँग सम्बन्धित हुन्छ । यसलाई चिनाउने सन्दर्भमा केही मूल्याङ्कनविद्हरूले दिएका परिभाषाहरू तल उल्लेख गरिएको छ :

Good को डिक्सनरी अफ एडुकेसनका अनुसार कुनै पनि मूल्य निर्धारण गर्ने प्रक्रियालाई मूल्याङ्कन भनिन्छ (ज. ब. रा र अन्य, २०६४: ३०) स्टफलबिलले निर्णयका विकल्पहरू छनोट गर्ने, प्राप्त गर्ने र उपलब्ध गराउने प्रक्रिया मूल्याङ्कन हो (पराजुली र अन्य, २०६५:१९) । अल्किनका अनुसार मूल्याङ्कन निर्णयका प्रकारहरू निर्धारण गर्ने प्रक्रिया हो, जसमा यस्ता निर्णयहरू गर्न आवश्यक पर्ने सूचनाहरू छनोट, सङ्कलन एवम् विश्लेषण गरिन्छ र यस्ता सूचनाहरू उपयुक्त निर्णयसम्म पुऱ्याइन्छ (पराजुली र अन्य, २०६५ : २०) । यस्तै गरी कर्नव्याकका अनुसार कुनै शैक्षिक कार्यक्रमले निर्णय दिनका लागि सूचनाको सङ्कलन र उपयोग गर्ने कार्य नै मूल्याङ्कन हो (ज.ब.रा र अन्य, २०६४ : २०) ।

उक्त परिभाषाबाट मूल्याङ्कनका विभिन्न धारणहरू झल्कन्छन् । आज मूल्याङ्कनलाई एक निरन्तर प्रक्रियाको रूपमा चिनिन्छन र शैक्षिक कार्यक्रमसँगै अभिन्न अंगको रूपमा हिंड्ने पद्धति मानिन्छ । कुनै पनि शैक्षिक कार्यक्रमका उद्देश्य, कार्यकलाप

र मूल्याङ्कन एक आपसमा निर्भर रही चक्रीय तवरले घुमिरहन्छ । त्यसै सन्दर्भमा मूल्याङ्कन कुनै पनि शैक्षिक कार्यक्रमको सन्दर्भ र परिप्रेक्ष्य, साधन र सुविधा तथा प्रक्रिया र उपलब्धिहरूको लेखाजोखा गरेर मूल्य निर्धारण गर्नमा संलग्न रहेको हुन्छ । यसका साथै प्रशासनिक कार्य, विद्यार्थी निर्देशनमा पनि मूल्याङ्न निरन्तर संलग्न रहन्छ । यसरी आधुनिक परिप्रेक्ष्यमा मूल्याङ्न कुनै पनि शैक्षिक कार्यक्रमको गुण र दोष निर्धारण गर्ने विद्यार्थीको व्यवहार र सीप सम्बन्धी सर्वाङ्गीण विकासको उपरेखा निर्क्योल गर्न तथा ती समग्र पक्षमा रहेका त्रुटिहरूलाई हटाइ रचनात्मक एवम् निर्णयात्मक गोरेटोमा हिड्ने पथ प्रदर्शन तथा परामर्श गर्न उद्यत रहन उपयोगी एवम् अपरिहार्य प्रक्रियाको रूपमा चिनिने र व्यवहृत हुने गरेको देखिन्छ ।

### २.२.२ परीक्षा र मूल्याङ्कन

परीक्षा र मूल्याङ्कनमा भिन्नता पाइन्छ । मापन मूल्याङ्कनको अनिवार्य शर्त हो । परीक्षा मापनको एउटा प्रक्रिया हो (पौडेल २०५२:२२) । परीक्षा विद्यार्थीको शैक्षिक उपलब्धि परीक्षण गर्ने एउटा पक्रिया हो परीक्षालाई एक प्रकारको मापन नै मानिन्छ । मापनले भौतिक तथा अभौतिक वस्तु, शक्ति अथवा अवस्थामा निहित गुणको परिमाणात्मक लेखाजोखालाई जनाउँछ (ज.ब.रा र अन्य,२०६४:२)। मापनले मात्रात्मक निर्णय गर्न सकिए पनि कार्यक्रमको मूल्याङ्कन वा निर्णय गर्न सकिदैन । यसमा विश्वसनीयता र वैधताको कमी हुने भएकाले मूल्याङ्कनबाट नै निर्णय गरिन्छ । मूल्याङ्कन निरन्तर चलिरहने प्रक्रिया हो । परीक्षाले मूल्याङ्कनलाई आवश्यक सूचना प्रदान गर्दछ । परीक्षा मूल्याङ्कनको साधन हो ।

शैक्षिक कार्यक्रमको उद्देश्य सामग्री, प्रक्रिया, शिक्षकको दक्षता विद्यार्थी उपलब्धि लगायत पठ्यक्रम आदिको सही प्रमाण परीक्षाकै आधारमा तयार गरिन्छ । शैक्षिक कार्यक्रमको प्रभावकारिता तथा संशोधन, परिमार्जन र परिष्कार गरी निदानात्मक उद्देश्यमा पाइला चाल्न समेत परीक्षाले सहयोग गर्न सक्ने भएकाले शैक्षिक जगतमा यसको महत्त्व स्वीकार्य छ । निर्णयको आधार तथा कार्य विश्लेषणबाट परीक्षाले मूल्याङ्कनलाई सहयोग पुऱ्याउने भएकाले मूल्याङ्कनको सूचनात्मक साधनका रूपमा परीक्षालाई लिने गरेको पाइन्छ ।

विषय, प्रकृति र प्रयोजन अनुसार परीक्षाका पनि विभिन्न भेद उपभेदहरू पाइन्छन् । स्तरयुक्त परीक्षा, प्रवेश परीक्षा, सीपगत परीक्षा, वार्षिक परीक्षा आदि । मुख्य रूपमा लिखित, मौखिक र प्रयोगात्मक गरी तीन प्रकारका परीक्षाहरू नै प्रयोगमा छन् । निर्णयात्मक, निर्माणात्मक र निदानात्मक जस्ता प्रकृतिका मूल्यङ्कन हुन्छन् । परीक्षा र मूल्याङ्कनका बीच अन्तर सम्बन्ध भएका कारण यिनीहरूको महत्त्व अकाट्य रहेको बुझ्न सकिन्छ । मूल्याङ्कन व्यापक क्षेत्रसँग आबद्ध रहेको शैक्षिक सन्दर्भको सैद्धान्तिक, प्रशासनिक र पथप्रदर्शन सम्बन्धी कार्यहरूमा संलग्न हुन्छ ।

### २.२.३ भाषिक मूल्याङ्कन

भाषिक मूल्याङ्कन भनेको भाषिक सीपहरूको मूल्याङ्कन हो । जसको सम्बन्ध भाषा शिक्षण सँग हुन्छ । भाषा वा विषयमा गरिने मूल्याङ्कनलाई भाषिक मूल्याङ्कन भनिन्छ (लामिछाने, २०६५ : २५) । भाषिक सीपको शिक्षण नै भाषा शिक्षण हो । भाषाका चारै सीपहरू सुनाइ, बोलाइ, लेखाइ, पढाइ जस्ता सीपमा दक्षता बढाउने प्रयास बमोजिम भाषा शिक्षण गरिन्छ । भाषिक मूल्याङ्कन भाषिक सीपको दक्षता बृद्धिसँग सम्बन्धित हुन्छ । परम्परागत दृष्टिमा लेखाइ सीपलाई मात्र महत्त्व दिएर भाषिक मूल्याङ्कन गर्ने प्रचलन थियो । सुनाइ, बोलाइ, तथा पढाइलाई अपेक्षा गरिन्थ्यो । हालका दिनहरूमा थोरै सीपहरूलाई तहगत आधार बनाएर मूल्याङ्कन गर्ने प्रचलन बढेको देखिन्छ । तल्लो तहमा सुनाइ र बोलाइ जस्ता भाषिक सीपलाई महत्त्व दिइन्छ भने माथिल्ला तहहरूमा पढाइ र लेखाइलाई बढी महत्त्व दिएर भाषिक मूल्याङ्कन गर्न सकिन्छ । भाषिक मूल्याङ्कन भाषाको ग्रहण पक्ष (सुनाइ, पढाइ) र अभिव्यक्ति पक्ष (लेखाइ, बोलाइ ) सँग सम्बन्धित सीप र कलाको लेखाजोखा गरी पृष्ठपोषण दिनमा नै केद्रित रहेको हुन्छ । यसका मूल उद्देश्य विद्यार्थीको भाषिक क्षमता स्तर आँकलन गर्नु मात्र नभएर शैक्षिक प्रक्रियाको प्रभावकारिता जाँच्नु, पाठ्यांशको सरलता पहिचान गर्नु शैक्षिक सामग्रीको उपयोगिता पहिल्याउनु, शिक्षण कार्यकलाप र सामग्रीको उपयुक्तता छानविन गर्न सहयोग गर्ने भएकाले भाषा शिक्षणमा यसको उपयोगिता व्यापक रहेको पाइन्छ (अधिकारी, २०६१ : २६४) ।

भाषिक मूल्याङ्कनका आधारमा शिक्षकले भाषा शिक्षणको उद्देश्य पूरा भए न भएको पत्ता लगाउनु, विद्यार्थी कमी कमजोरी पत्ता लगाई पृष्ठपोषण समेत गर्न भाषिक मूल्याङ्कनले मद्दत गर्दछ । भाषिक मूल्याङ्कनको उपयोगिता शिक्षक र विद्यार्थीका लागि

मात्र नभएर भाषा पाठ्यक्रम निर्माता, भाषा पाठ्यपुस्तक निर्माता, शिक्षाविद् आदि समेतका लागि उत्तिकै महत्त्वपूर्ण देखिन्छ । भाषा पाठ्यक्रमको लेखाजाखा गर्न मद्दत पुऱ्याउँछ । भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्मातालाई सम्बन्धित भाषा पाठ्यपुस्तकको स्तरीयता र प्रभावकारीताको लेखाजोखा गरी स्तर निर्धारण गर्न र भाषाविद् एवम् शिक्षाविद्लाई सम्बद्ध भाषिक क्षमताको आँकलन गरी आ-आफ्नो क्षेत्रमा आवश्यक परिवर्तन, सुधार र परिमार्जन गर्ने महत्त्वपूर्ण कुरा शिक्षणीय भाषा सबै विद्यार्थीको मातृभाषा न हुन पनि  सक्छ । जटिलताको र अन्योलताको स्थितिलाई सहज, सरल, र सुगम बनाउन भाषा शिक्षणलाई मार्ग निर्देशन गर्ने काम भाषिक मूल्याङ्कनले नै गर्छ ।

### २.२.४ भाषिक मूल्याङ्कनको प्रवृत्ति

भाषिक सीपहरूको परीक्षण भाषिक मूल्याङ्कनले गर्ने हुँदा यस्ता भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) को शिक्षण पश्चात् मूल्याङ्कन गरिनुपर्छ । भाषिक मूल्याङ्कनको प्रकृति मुख्यतया दुई प्रकारको पाइन्छ । भाषिक सीपहरूको परीक्षण प्रयोगपरक प्रकृतिको भाषिक सीपलाई सहयोग पुऱ्याउने धारणाहरूको परीक्षण सैद्धान्तिक प्रकृतिको रहेको हुन्छ । भाषिक सीपसँग भाषा शिक्षण सम्बन्धित भएकाले यसको परीक्षण प्रयोगपरक हुनु र भाषिक सीपलाई सहयोग पुऱ्याउने धारणाको परीक्षण सैद्धान्तिक प्रकृतिको हुनु स्वभाविक नै हो ।

प्राथमिक तहमा बालबालिकाहरूको भाषाको विकासले पूर्णता नपाउने हुनाले यस तहमा सुनाइ, बोलाइ सीपको विकास तथा मूल्याङ्कनमा पाठ्यक्रम केन्द्रित रहन्छ । माथिल्ला तहमा भाषाको विकास क्रमशः बढ्दै जाने हुनाले सुनाइ र बोलाइ भन्दा पढाइ र माथिल्ला तहमा सैद्धान्तिक प्रकृतिको मूल्याङ्कनले महत्त्व पाउने गर्छ । नयाँ पाठ्यक्रम ०५७/०५८ देखि अङ्ग्रेजी सुनाइ र बोलाइ परीक्षणको लागि २० पूणाङ्क छुट्याए पनि नेपाली शिक्षामा भने यो व्यवस्था प्राथमिक तहमा मात्र उपलब्ध छ । भाषिक मूल्याङ्कनका प्रचलित तरिका माथि संक्षेपमा चर्चा गरिएको छ

**(क) पृथकीकृत र एकीकृत परीक्षण**

एकीकृत र पृथकीकृत गरी दुबै रूपमा भाषाको परीक्षण गर्न सकिन्छ । पृथकीकृत परीक्षण भन्नाले भाषा तत्त्वका सैद्धान्तिक धारणालाई छुट्टाछुट्टै परीक्षण गर्नुलाई बुझिन्छ । वर्ण विन्यास, विराम चिन्ह, वाक्यतत्त्व, वाक्य गठन, शब्द भण्डारका प्रत्येक पक्षलाई एक-एक गरी परीक्षण गर्न पृथकीकृत परीक्षण उपयोगी हुन्छ । एक प्रहरमा एउटा कुराको मात्र परीक्षण हुन सक्ने हुँदा यस किसिमको परीक्षणलाई बढी बस्तुगत मान्न सकिन्छ (अधिकारी, २०६२ : १८९) ।

भाषिक सीपहरू एकीकृत रूपमा परीक्षण गर्नुलाई एकीकृत परीक्षण भनिन्छ र यसलाई समभाषाका चारवटा सीपका साथै भाषिक तत्त्वको परीक्षण एकै पटकमा गरिन्छ । यस्तो परीक्षण जटिल एवम् कम विश्वसनीय भए पनि भाषिक सीपहरू अन्तर्सम्बन्धित हुने हुनाले यस्ता सीपको परीक्षण एकीकृत रूपमा गरिनु उपयुक्त मानिन्छ । बुँदा टिपोट, सारांश, संक्षेपिकरण र बोधका साथै अनुच्छेद लेखन टिप्पणी लेखन चिठीलेखन, निबन्धलेखन, दैनिकी लेखन जस्ता सीपको परीक्षणमा एकीकृत पद्धति अँगाल्नु उपयुक्त मानिन्छ (अधिकारी, २०६३: १९०) ।

**(ख) पहिचानात्मक र उत्पादनात्मक परीक्षण**

उत्पादनात्मक र पहिचानात्मक दुबै तरिकाबाट पाठ्यवस्तुहरूको परीक्षण गर्न सकिन्छ । सैद्धान्तिक धारणाको बोध र ज्ञान क्षेत्रसँग सम्वन्धित प्रश्नहरू पहिचानात्मक प्रकृतिका हुन्छन् । लिखित परीक्षामा विषयगत प्रश्नहरू उत्पादनात्मक हुन्छन् भने वस्तुगत प्रश्नहरू पहिचानात्मक हुन्छन् (शर्मा र पौडेल, २०६०: २३८) । संक्षिप्त र निबन्धात्मक प्रश्नका आधारमा गरिने परीक्षणलाई उत्पादनात्मक परीक्षण भनिन्छ । यस्तो परीक्षणको उत्तर विद्यार्थीले आफ्नो भाषामा लेखेर, कण्ठ गरेर दिनुपर्ने हुन्छ ।

विद्यार्थीको उपलब्धिको लेखाजोखा गर्ने औपचारिक प्रक्रिया तथा पद्धति अपनाएर गरिने मूल्याङ्कनको साधनलाई औपचारिक परीक्षण भनिन्छ । यो परीक्षण निर्माणात्मक उद्देश्यले गरिन्छ । यो परीक्षण मुख्य रूपमा शैक्षिक सत्रको अन्तमा देखिन्छ ।

अनौपचारिक परीक्षण अभ्यासात्मक र सुधारात्मक उद्देश्यले गरिने परीक्षण हो । विद्यार्थीलाई सफल असफल छुट्याउन भन्दा पनि उसका कमी कमजोरी पत्ता लगाउन, त्यसको निराकरण गर्न यस्तो परीक्षण उपयोगी हुन्छ । अनौपचारिक परीक्षण नै

पाठ्यक्रमका उद्देश्यहरू पूरा गर्न सहयोग पुऱ्याउने आधार भएकाले भाषिक परीक्षणमा यसको महत्त्वपूर्ण भूमिका रहने गर्दछ । यो निरन्तर प्रकृतिको हुन्छ ।

**(ग) क्लोज र सी परीक्षण**

पठनबोध सम्बन्धी सीपको परीक्षणका लागि उल्लिखित वस्तुगत प्रश्नहरूको सट्टा क्लोज विधिद्वारा परीक्षण गर्ने प्रचलन पनि पाइन्छ । यसलाई एकीकृत वा पृथकीकृत दुबै प्रकृतिबाट हेर्न सकिन्छ । कुनै खास अनुच्छेद दिएर खास अन्तरालमा खास शब्दहरू आपूर्ति गर्नु पर्ने क्लोज प्रकृतिको परीक्षणद्वारा विद्यार्थीहरूको बोध क्षमता र दिइएको उद्धरणको कठिनाइ स्तर पनि परीक्षण गर्न सकिन्छ (शर्मा र पौडेल, २०६७ : ३६३) ।

क्लोज विधिकै अर्को परिमार्जित प्रकारलाई 'सी' परीक्षण भनिन्छ । यसका अरू सबै प्रक्रिया क्लोज विधिका जस्तै हुन्छन् तर फरक के हो भने यसमा दुईको नियम लागु हुन्छ र हरेक उद्धरणको सुरु र अन्तमा वाक्यलाई जस्ताको तस्तै राखिन्छ । सुरुको दोस्रो वाक्यदेखि सुरु हुने हरेक दोस्रो शब्दको दोस्रो अंश हटाउँदै लगिन्छ । एउटा अक्षरले बनेको शब्दलाई गणना गरिदैन र बिजोडी अक्षर भएका शब्दको ठूलो चाँहि अंशलाई हटाइन्छ । उक्त हटाइएका अंशहरू विद्यार्थीले ठीकसँग पूर्ति गरेमा मात्र उत्तरलाई शुद्ध मानिन्छ ( शर्मा र पौडेल, २०६७ : ३५६) ।

### २.२.५ परीक्षणका प्रचलित युक्तिहरू

परीक्षण प्रकृति, प्रवृति, तथा अपेक्षाहरू अन्य विषय शिक्षण सिकाइका मूल्याङ्कनका भन्दा भिन्न किसिमका हुन्छन । मूल्याङ्कनका साधन र उपाय उनै भएर पनि तिनको प्रयोग प्रकृति र बनोट प्रकृतिमा भाषिक मूल्याङ्कनका दृष्टिले भिन्नता रहनु स्वभाविक पनि हो । भाषिक मूल्याङ्कनका साधन भनेकै मूलतः परीक्षणका विभिन्न उपाय, युक्ति वा तरिकाहरू हुन् परीक्षणीय उद्देश्य र प्रयोजन अनुसार विभिन्न किसिमका परीक्षण युक्तिहरू प्रयोगमा ल्याइएका पाइन्छन् । ती विभिन्न युक्ति, उपाय वा साधनहरूलाई मुलतः निम्न लिखित दुई वर्गमा राखेर हर्ने गरिएको छ ।

**(क) स्तरयुक्त परीक्षण**

सामान्यतया परीक्षणीय कुराहरूलाई समान स्तरका विभिन्न समूहमा पूर्व परीक्षण गरी परीक्षामा हुनुपर्ने विश्वसनीयता, वैधता, विभेदकता, व्यापकता, उद्देश्य

परकता, व्यवहारिकता इत्यादि गुणहरू अवलम्बन गर्ने चेष्टा गरिनका साथै व्यापक सुधार र परिमार्जन गरिएको पूर्व घोषित परीक्षा नै स्तरयुक्त परीक्षा हो (शर्मा र पौडेल, २०६७ : ३३२) । स्तरयुक्त परीक्षणलाई एउटा ठूलो जनसङ्ख्याको समूहको गुणात्मक परिवर्तनको मापन गर्न तयार गरिएको हुन्छ र यसका जानकारीहरूलाई त्यस जनसङ्ख्याभित्र सामान्यीकरण गर्न सकिन्छ । यस्ता परीक्षाहरू जिल्ला स्तरीय, अञ्चल स्तरीय, क्षेत्रीय, राष्ट्रिय आदि मानकमा आधारित हुन्छन् । जस्तै : एस. एल. सी. परीक्षा कक्षा ८ को अन्तिममा लिइने जिल्ला स्तरीय परीक्षा आदि ।

स्तरयुक्त परीक्षालाई खर्चिलो तर जटिल मानिए पनि शिक्षण सिकाइ प्रभावकारी बनाउन पाठ्यक्रम, पाठ्यपुस्तकमा सुधार गर्न र विद्यार्थीका कमी कमजोरी छुट्याउने जस्ता कार्यमा र प्रशासनिक, सैद्धान्तिक तथा पथ प्रदर्शनीय काम अपनाउन समेत मानकका आधारमा सुसुचित गर्दछ । यसको प्रकृति निर्णयात्मक किसिमको हुन्छ ।

**(ख) शिक्षक निर्मित परीक्षा**

शिक्षकले शिक्षणका क्रममा विद्यार्थीको मूल्याङ्कन गर्नका लागि लिने परीक्षालाई शिक्षक निर्मित परीक्षा भनिन्छ । यस परीक्षाको प्रश्नावली निर्माण, परीक्षा सञ्चालन, उत्तर पुस्तिका परीक्षण, प्राप्ताङ्कको व्याख्या विश्लेषण र उपलब्धि मूल्याङ्कन समेत शिक्षक स्वयमले गर्दछन । यस्तो परीक्षाभित्र एकाइ परीक्षा मासिक परीक्षा, त्रैमासिक परीक्षा, अर्धवार्षिक परीक्षा र वार्षिक परीक्षा समेत पर्दछन् ।

यस परीक्षाले विद्यार्थीको उपलब्धि मापन, व्यवहारमा सुधार ल्याउन विद्यार्थीलाई शिक्षणप्रति अभिप्रेरित गर्न, आवश्यक पृष्ठपोषण दिन र शिक्षकको शिक्षण प्रक्रियामा समेत सुधार ल्याउन सहयोग गर्छ । यसका साथै स्थानीय स्रोत, साधन र आवश्यकताहरूको उपयोगका दृष्टिले शिक्षक निर्मित परीक्षा बढी सरल, सुगम र व्यवहारिक भएको पाइन्छ ।

### २.२.६ परीक्षाका अन्य युक्तिहरू

माथि उल्लिखित प्रमुख दुई युक्तिहरू बाहेक अन्तर्निहित युक्तिहरू लिखित परीक्षा, मैखिक परीक्षा र प्रयोगात्मक परीक्षा हाल प्रचलनमा रहेका छन् । यिनीहरूको चर्चा संक्षेपमा तल गरिएको छ ।

### (क) लिखित परीक्षा

लिखित प्रश्न तथा लिखित कार्यकलापको माध्यमले गरिने परीक्षणलाई लिखित परीक्षा भनिन्छ । भाषा शिक्षणका क्रममा लिखित कार्यकलाप बाहेक अन्य कार्यकलापहरूमा पनि उपयोगी नभए पनि निर्णयात्मक मूल्याङ्कनका लागि यसैलाई नै सर्वाधिक महत्त्व दिएर उपयोग गर्ने गरेको पाइन्छ । सुनाइ सीप अन्तर्गत श्रुतिबोध र पढाइ सीप अन्तर्गत पठन बोध, बोलाइ सीप अन्तर्गतका केही मैखिक रचना (संवाद, वादविवाद, मनोवाद) आदि सस्वर पढाइ सीपका सम्पूर्ण पक्षहरूको परीक्षण यसबाट सम्भव देखिदैन । लिखित परीक्षालाई नै निर्माणात्मक र निर्णयात्मक दुबै कार्यका दृष्टिले उपयोगी मानिन्छ । लिखित परीक्षालाई मुख्य गरी वार्षिक परीक्षाको रूपमा सञ्चालन गरी निर्णय गर्ने कार्यमा प्रयोग गरिएको पाइन्छ । हाल लिखित परीक्षालाई नै मूल्याङ्कनको मुख्य आधार बनेको छ ।

### (ख) मौखिक परीक्षा

विभिन्न किसिमका मौखिक प्रश्न तथा अन्तर्वार्ता वा वाक परीक्षा जस्ता साधन र प्रक्रियाबाट गरिने परीक्षालाई मौखिक परीक्षा भनिन्छ । लेख्ने आदतको राम्रो विकास भई नसकेका प्रारम्भिक तहका विद्यार्थीहरूको श्रुतिबोध र पठनबोध क्षमता जाँच गर्न सकिन्छ । विभिन्न तहका विद्यार्थीहरूको वाक्य गठन क्षमता, शब्द प्रयोग क्षमता, रूपान्तरणात्मक क्षमता, विश्लेषणात्मक क्षमता, लयात्मक क्षमता, उच्चारण क्षमता, तथा बोलाइको प्रभावकारिता जाँच गर्न मौखिक परीक्षा प्रभावकारी मानिन्छ । यस परीक्षाका मध्यमबाट विद्यार्थीहरूलाई कमजोरी देखाउन सहज हुने र माथिल्लो तह भन्दा तल्लो तहमा प्रयोग बढी मात्रामा गरिएको पाइन्छ ।

### (ग) प्रयोगात्मक परीक्षा

प्रयोगात्मक परीक्षाको उपयोग लिखित र मौखिक परीक्षाबाट मापन गर्न नसकिने कुराको मापन गरी मूल्याङ्कन गर्नको लागि गरिन्छ । प्रयोगात्मक परीक्षाले व्यक्तिको गति, क्रिया र सीपसँग प्रत्यक्ष सम्बन्ध राख्छ । विज्ञान जस्ता प्रयोगात्मक विषयमा प्रयोगात्मक परीक्षा आवश्यक देखिए पनि भाषिक सीप परीक्षण गर्ने भाषा शिक्षणमा समेत यसको महत्त्व रहेको पाइन्छ । सुनाइको एकाग्रता,बोलाइ, हाउभाउ, चेष्टा, सस्वर

पठनको आरोह-अवरोह, गति, यति, लय, र श्रोता प्रति सचेतता जस्ता कुराको जाँच प्रयोगात्मक परीक्षणबाट नै सम्भव हुने भाषिक मूल्याङ्कनका सन्दर्भमा यस परीक्षाको महत्त्व

झल्किन्छ । प्रयोगात्मक परीक्षणको युक्ति अवलोकनलाई मानी जाँच सूचि र श्रेणीमापन जस्ता साधनको प्रयोग गरिएको पाइन्छ । नेपाली विषयको मूल्याङ्कनमा यो साधनलाई कम प्रयोगमा ल्याइए तापनि महत्त्व भने आवश्यक रहेको पाइन्छ ।

### २.२.७ भाषिक परीक्षण योजना

भाषिक परीक्षण योजनाले भाषिक परीक्षणका लागि आवश्यक पर्ने प्रश्नहरू योजनाबद्ध तरिकाले निर्माण गर्न सहयोग पुऱ्याउने भएकाले योजनाको महत्त्व देखिन्छ । परीक्षणमा उपयोग गरिने प्रश्नहरू हतारमा विना योजना बनाइएका त्यस्ता परीक्षणबाट गरिएको मूल्याङ्कन नै दोष पूर्ण हुन गई परीक्षणको उद्देश्य नै पूरा हुन सक्दैन । परीक्षण योजना किन गर्ने ? के परीक्षण गर्ने ? कसरी परीक्षण गर्ने ? कहिले परीक्षण गर्ने भन्ने प्रश्नको उत्तर दिनमा केन्द्रित हुने भएकाले यसको आधारमा निर्माण गरिएका प्रश्नहरू भाषिक मूल्याङ्कनका लागि उपयोगी हुन्छन । यिनीहरू दोषमुक्त हुन्छन । भाषिक परीक्षणका लागि प्रश्नपत्र निर्माण गर्दा निम्न बमोजिमका चरणहरू पूरा गर्नु पर्ने हुन्छ ।

**(क) पाठ्यक्रम विश्लेषण**

परीक्षण योजनाका क्रममा उद्देश्यको निर्धारण गरिसके पछि पाठ्यक्रम विश्लेषण गर्नु आवश्यक ठानिन्छ । पाठ्यक्रमले शिक्षणीय उद्देश्यको निर्धारण, उद्देश्य बमोजिमका सामग्री तथा विधिहरूको निर्धारण गरेको हुन्छ । पाठ्यक्रमले के, कति, कहिले, र कसरी शिक्षण गर्ने भन्ने कुराको जानकारी दिने हुनाले पाठ्यक्रम विश्लेषण गरिन्छ । यसका साथै परीक्षणको प्रकृति, प्रश्नको प्रकार, प्रश्नका क्षेत्र, तथा सीमाहरू पत्ता लगाउन समेत पाठ्यक्रम विश्लेषण गर्नु जरुरी ठानिन्छ । पाठ्यक्रम विश्लेषण नगरी निर्माण गरिएको परीक्षण विश्वसनीय र बैध नहुनका साथै परीक्षणीय उद्देश्य प्राप्तिमा बाधा बन्न जान्छ ।

**(ख) परीक्षण उद्देश्यको निर्धारण**

उद्देश्य निर्धारण परीक्षण योजनाको सबैभन्दा पहिलो कार्य हो । योजना विनाको परीक्षणले लक्ष्य प्राप्त गर्न सकिदैन । परीक्षणको प्रकृति, परीक्षण, सञ्चालन हुने समय र

परीक्षणले समेटेको क्षेत्रले यसको उद्देश्यलाई इङ्गित गर्दछ । परीक्षणका उद्देश्य विभिन्न प्रकारका हुने गर्दछन् । कुनै परीक्षण प्रवेश व्यवहार पत्ता लगाउन, कुनै कार्यक्रमको प्रमाणीकरण गर्न र परीक्षण कार्यक्रममा देखिएको समस्याको निराकरण गर्नका लागि सञ्चालन गरिन्छ । परीक्षण सुधारात्मक, निदानात्मक र निर्माणात्मक कुन उद्देश्यबाट पूर्ति गर्नका लागि भएको हो भन्ने कुरामा निश्चितता गरिनु पर्छ । विद्यार्थीका उपलब्धि परीक्षण गर्ने क्रममा त्यो परीक्षण संज्ञानात्मक, भावनात्मक र मनोक्रियात्मक क्षेत्रलाई समेट्ने गरी परीक्षणको स्तरीयता, स्पष्टता वैधता, व्यावहारिकता जस्ता गुणहरू समेत रहने गरी उद्देश्यहरू निर्धारण गरिनुपर्छ ।

### (ग) विशिष्टीकरण तालिकाको निर्माण र प्रयोग

परीक्षण योजनाको महत्त्वपूर्ण कार्य विशिष्टीकरण तालिकाको निर्माण र प्रयोग हो । पाठ्यक्रमका अपेक्षाहरूको विश्लेषण गरेर परीक्षणीय उद्देश्यहरूको निर्धारण गरेपछि परीक्षणीय विषयवस्तु, परीक्षण प्रक्रिया, परीक्षण प्रश्नका प्रकार, प्रश्न सङ्ख्या, अङ्कभार समय तथा परीक्षण उद्देश्य क्षेत्र एवम् तहहरूको स्पष्ट खाकालाई नै विशिष्टीकरण तालिका भनिन्छ (शर्मा र पौडेल,२०६७:३४१) । यसले प्रश्न निर्माणमा सहजता प्रदान गर्नुका साथै पाठ्यक्रम अनुरूपता, विश्वसनीयता, वैधता, विभेदकारिता, विविधता, स्तरयुक्तता र विषयगत सन्तुलन जस्ता आवश्यक गुणले युक्त प्रश्न बनाई परीक्षणलाई उद्देश्यपूर्ण बनाउन समेत मद्दत गर्दछ । त्रुटिरहित प्रश्नको निर्माण, महत्त्वपूर्ण पक्षको प्रश्नमा समावेश, समय, अङ्कभार र पाठ्यभारको सन्तुलित विवरण होस भनेर विशिष्टीकरण तालिकाको निर्माण र प्रयोग गरिन्छ ।

### (घ) प्रश्न निर्माण

विद्यार्थीहरूले निश्चित  समयावधिको शिक्षण क्रियाकलाप पछि के कति उपलब्धि हासिल गरे भनी मापन गर्ने साधन नै प्रश्न हो । मूल्याङ्कनीय प्रश्नहरू भाषा पाठ्यक्रमका  समग्र अङगलाई समेट्ने गरी प्रतिनिधिपरक आधारमा निर्माण गर्नु पर्छ । त्यसै प्रश्नहरूको निर्माण हचुवाको भरमा भन्दा विशिष्टीकरण तालिकाको निर्देशनमा रहेर गरिन्छ । वैधता, उद्देश्यपरकता, विश्वसनीयता, व्यापकता, विभेदकारिता, व्यवहार योग्यता जस्ता आन्तरिक र बाह्य गुणले युक्त, शुद्ध, स्पष्ट, निश्चितता, आयतनयुक्त एवम्

स्तरयुक्त प्रश्नहरूको निर्माण गर्नु आवश्यक हुन्छ । प्रश्नहरू सकेसम्म विकल्प रहित हुनु पर्छ । विकल्प दिनै पर्ने भए समान परीक्षण उद्देश्य र समान कठिनाइ स्तर भएका हुनुपर्छ । प्रश्न दोहोरो अर्थ नलाग्ने, स्पष्ट निर्देशन भएका, बहुमुखी आशय रहित पुच्छर रहित र सुराकरहित प्रश्नहरूको निर्माण गरिनु पर्दछ । प्रश्नका प्रकृति जुनसुकै भए पनि स्तरीय एवम् गुणस्तरयुक्त प्रश्न निर्माण गरी अन्तिम रूप दिनु राम्रो हुन्छ ।

**(ङ) प्रश्नका प्रकार**

प्रश्नलाई सोधाइ प्रकृति वा बनोटका आधारमा दुई भागामा बाडिएको हुन्छ - वस्तुगत र विषयगत । बस्तुगतभित्र ठीक बेठीक छुट्याउने, खाली ठाउँ भर्ने, जोडा मिलाउने र बहु वैकल्पिक प्रश्नहरू पर्दछन् भने विषयगत प्रश्नभित्र निबन्धात्मक र सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू पर्दछन् । यी प्रश्नहरूको चर्चा सङ्क्षेपमा गरिएको छ ।

**१. वस्तुगत प्रश्न**

प्रश्नको उत्तर लामो लेखिरहन नपर्ने, एक पटकमा एउटाको मात्र परीक्षण गरे पुग्ने प्रश्नलाई वस्तुगत प्रश्न भनिन्छ । विद्यार्थीको अभिव्यक्ति सीपको परीक्षण गर्न नसकिने यस खाले प्रश्नहरूबाट चाहिं शब्दार्थ, शब्द प्रयोग, वर्णविन्यास, भाषा तत्त्व, बोध, उच्चारण आदिको परीक्षण गर्न सकिन्छ (लामिछाने २०६५:२०१) । परीक्षणको व्यापकता बढाउन र विश्वसनीयता बढाउन निकै उपयोगी हुने यस्ता प्रश्न निर्माणमा जटिलता देखिए पनि अङ्कनमा भने वस्तुनिष्ठता रहेको पाइन्छ । विषयगत प्रश्नमा रहेका कमी कमजोरीहरू हटाउन अभ्यासमा आएका प्रश्नहरू यस प्रकार छन् ।

**अ. वहुवैकल्पिक प्रश्न**

एउटा प्रश्नका धेरै वैकल्पिक उत्तरहरू मध्ये एउटा सही उत्तरमा घेरा (०) वा रेजा (✓) चिन्ह लगाउन निर्देशन गरिएको प्रश्नलाई बहु वैकल्पिक प्रश्न भनिन्छ । यस्ता प्रश्नमा विकल्पहरू ३ देखि ५ सम्म राख्ने व्यवस्था भए पनि ४ वटा राख्नु उपयुक्त मानिन्छ । भषिक परीक्षणका क्रममा यस्ता प्रश्नहरू खास गरी श्रुतिबोध र पठन बोधको परीक्षण गर्ने तथा व्याकरण तत्त्व,वर्णविन्यास, शब्दार्थ, शब्द निर्माण र वाक्य गठन आदि कुराहरूको धारणात्मक ज्ञानका साथै प्रयोगात्मक ठम्याउन उपयोग गरिन्छ । प्रश्न निर्माणमा गाह्रो महशुस भए पनि विश्वसनीयता र वैधता जस्ता गुणहरूले युक्त प्रश्नहरू

विद्यार्थीको योग्यता, तर्क, स्मरण जस्ता गुण तथा क्षमताको विकास गर्न सहयोगी रहेका पाइन्छन् ।

### आ. खाली ठाउँ भर्ने प्रश्न

मुख्य मुख्य शब्द वा पदावली खाली राखेर ती खाली ठाउँहरूमा उपयुक्त शब्द तथा पदावली भर्न लगाउने प्रश्नलाई खाली ठाउँ भर्ने प्रश्न भनिन्छ । कुनै तिथि, मिति, घटना, स्थान, व्यक्तिको जस्तो शब्द एवम् पदावलीलाई झिकेर सोही ठाउँमा उपयुक्त शब्द भर्न लगाउने यस्ता प्रश्नहरू मुख्य रूपमा स्मरणात्मक एवम् पहिचानात्मक क्षमताको विकासका लागि उपयोगी ठानिन्छन् । खुला प्रकृतिका जोडा मिलाउने प्रकृतिका, वैकल्पिक प्रकृतिका यस्ता प्रश्नहरू हुन्छन् ।

### इ. जोडा मिलाउने प्रश्न

शब्द र अर्थ, वाक्य र तत्सम्बन्धी सङ्गति, कारक र विभक्ति, शब्द र शब्द भेद,विशेषण, विशेष्य, कारण र कार्य तथा बोध र स्मरण सम्बन्धी सुनिश्चित व्यक्ति वस्तु र धारणा आदि सम्बन्धी कुराहरूलाई दुई समूहमा राखेर प्रायः पछिल्लो समूहलाई छ्यासमिस बनाई अघिल्लो समूहको निर्देशित ठाउँमा पछिल्लो समूहको उपयुक्त सङ्केत उल्लेख गर्न वा धर्को तानेर देखाउनु पर्ने प्रश्नलाई जोडा मिलाउने प्रश्न भनिन्छ । श्रुतिबोध, पठनबोध र खास गरी पहिचानात्मक प्रकृतिका घटनागत, शब्दगत सम्बन्धको ज्ञान पक्षलाई परीक्षण गर्नमा मात्र यस्ता प्रश्नको उपयोग हुने हुनाले. भाषिक परीक्षणका सन्दर्भमा सीमित मात्रामै उपयोग गरिएका पाइन्छन् ।

### ई. ठीक बेठीक छुट्याउने पश्न

दिइएको प्रश्न ठीक–बेठीक, साँचो–झुटो अथवा शुद्ध–अशुद्ध भनी छुट्याउनु पर्ने प्रश्नलाई ठीक –बेठीक प्रश्न भनिन्छ । यस्ता प्रश्नहरूमा ५० प्रतिशत जति सही र ५० प्रतिशत जति गलत वाक्यलाई छ्यासमिस गरी क्रमबद्ध रूपमा राखिएको हुन्छ र निर्देशन अनुसार छुट्याउन लगाईन्छ । त्रुटिबोध, पठनबोध, वाक्यगठन, शब्द प्रयोग र धारणाको परीक्षणका लागि यस्ता प्रश्नलााई उपयोगी मानिन्छ ।  अन्दाजको भरमा मिलाउन सकिने हुनाले विश्वसनीयताको कमी हुन्छ । यस्ता प्रश्न विशेष गरी प्रारम्भिक तहका लागि उपयुक्त मानिन्छन् ।

## २. विषयगत प्रश्न

विद्यर्थीहरूमा विषवस्तुको ज्ञान प्रस्तुति, क्षमता र शैली आदि जाँच्न निर्माण गरिने प्रश्नलाई विषयगत प्रश्न भनिन्छ । यस्ता प्रश्न उत्तर दिने क्रममा विद्यार्थीले आफ्ना वैयक्तिक क्षमता, सीप शैलीको प्रयोग गरेर देखाउने हुँदा यसलाई व्यक्तिनिष्ठ प्रश्न भन्ने गरिन्छ (शर्मा र पौडेल, २०६० : २३)। विषयगत प्रश्न निर्माणमा सरलता भए पनि सीमित परीक्षण समय र अङ्क मापनको जटिलताको कारणले प्रश्नहरू थोरै मात्र बन्ने भएकाले व्यापक विषयवस्तुलाई ढाक्न सक्ने प्रश्न निर्माण गर्न सकिदैन । मुख्य कुरामा मात्र जोड दिई निर्माण गरिने, विश्वसनीयता र वैधतामा कमी हुन्छ । यस्ता कमजोरीहरू रहे तापनि विद्यार्थीको विषयवस्तु प्रतिको ज्ञान, प्रस्तुतिको सीप र शैली सङ्गठन पक्ष, रचना पक्ष, कला पक्षका साथै स्वतन्त्र सिर्जनात्मक एवम् मौलिक अभिव्यक्ति पक्षको स्तर र अभिक्षमता जाँच्न विषयगत प्रश्नलाई प्रयोगमा ल्याइएको पाइन्छ । निबन्धात्मक र संक्षिप्त उत्तरात्मक गरी विषयगत प्रश्नहरूलाई दुई प्रकारमा विभाजन गर्न सकिन्छ ।

### अ. निबन्धात्मक प्रश्न

निबन्ध जस्तै एक भन्दा बढी अनुच्छेदमा उत्तर दिनु पर्ने प्रश्नलाई निबन्धात्मक प्रश्न भनिन्छ । निबन्ध जस्तै लामो पारामा लेखिने चिठ्ठी, दैनिकी, प्रतिवेदन, टिप्पणी, वर्णन, व्याख्या, विवेचना, समीक्षा आदि सुसङ्गठित लिखित अभिव्यक्ति रचना परीक्षणका लागि यस्ता प्रश्नको उपयोग गरिन्छ । वाक्य रचनागत उपयुक्तता, शब्द प्रयोगगत उपयुक्तता, वैचारिक सिलसिलाबद्धता, अनुच्छेद गठन, प्रवाहमयता, विषय वस्तुको प्रासाङ्गिकता तथा वर्णविन्यास, विराम चिन्ह प्रयोग, किनारा छोडाइ, सफा आदि समष्टिगत सीपको परीक्षणका लागि पनि निबन्धात्मक प्रश्नको उपयोग गरिन्छ (शर्मा र पौडेल, २०६३ : २३४) । निबन्धात्मक प्रश्नलाई अभिव्यक्ति सीप जाँच्ने र खास विषयवस्तुको ज्ञान जाँच्ने गरी दुई किसिमबाट उपयोग गर्न सकिन्छ । प्रश्नलाई पहिचानात्मक भन्दा उत्पादनात्मकतर्फ जोड दिने किसिमले प्रयोग गर्दा यसको प्रभावकारिता झल्कन्छ । प्रश्न निर्माण गर्दा थोरै समय लागे पनि विश्वसनीता, बैधता र प्रामाणिकता जस्ता गुणमा भने कमी पाइन्छ ।

आ) **संक्षिप्त उत्तरात्मक प्रश्न**

यस्ता प्रश्नको उत्तर विद्यार्थीको स्तर हेरी एक शब्द देखि लिएर आठ हरफ सम्म उत्तर दिन सक्ने प्रश्नलाई संक्षिप्त उत्तरात्मक प्रश्न भन्निछ (शर्मा र पौडेल, २०६७ : ३७२) । यस्ता प्रश्नलाई लिखित र मौखिक दुबै रूपमा प्रयोग गर्न सकिन्छ । संक्षेपीकरण गर्ने, देखेका, सुनेका, पढेका आधारमा छोटो छोटो उत्तर दिने काम यसमा हुन्छ । भाषागत उखान टुक्काको अर्थपूर्ण प्रयोग, वाक्य गठन गर्ने, वाक्य संश्लेषण र विश्लेषण गर्ने, प्रकृति र प्रत्यय छुट्याउने,वाक्य तथा वाच्यान्तरण गर्ने आदि जस्ता कुरामा संक्षिप्त उत्तरात्मक प्रश्नबाट परीक्षण गर्दा निबन्धात्मक उत्तरका अपेक्षा बढी विश्वसनीय हुन्छ (लामिछाने, २०६५ : २०१) । यस्ता प्रश्नमा विश्वसनीयता, वैधता, विभेदकारिता र व्यवहारिकता जस्ता गुणहरू पाउन सकिन्छ ।

### २.२.८ प्रश्नहरूको सङ्गठन, निर्देशन र अन्तिम तयारी

निर्मित प्रश्नलाई उपयुक्त ढङ्गले सङ्गठित गरी प्रश्नका प्रकृति र परीक्षण उद्देश्य अनुसार समूहमा सरलदेखि जटिलताको क्रममा मिलाएर राख्ने प्रक्रियालाई परीक्षण योजना भनिन्छ । यसरी क्रममा मिलाएर राख्दा निर्देशन दिन पनि सहज हुन्छ । प्रश्नमा दिइएको निर्देशनले पनि परीक्षणमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसैले गर्दा निर्देशन सरल, सहज, स्पष्ट एवम् शुद्ध हुनु उत्तम मानिन्छ ।

### २.२.९ परीक्षण प्रशासन र अङ्कन विधि

प्रश्नहरूको सङ्गठन, निर्देशन र तयारी जस्तै महत्त्वपूर्ण विषय परीक्षण प्रशासन र अङ्कन विधि पनि हो । परीक्षण स्थान, परीक्षार्थीको सङ्ख्या, भवन, कोठा, फर्निचर, वातावरण, सुरक्षा, आवश्यक कर्मचारी, स्रोत, साधन, खर्च आदिको उचित प्रबन्ध र कार्यान्वयन नै परीक्षण प्रशासन हो यस्ता कुराहरूको उचित व्यवस्थापन तथा तयारी गरेर मात्र परीक्षण कार्य सञ्चालन गर्नुपर्छ ।

परीक्षण पश्चात् उत्तरपुस्तिकाको सङ्कलन गरी त्यसको अङ्कन गर्नु जरुरी हुन्छ । अङ्कन प्रक्रिया व्यवस्थित र वैज्ञानिक हुनु आवश्यक छ । अङ्कन मापनमा विश्वसनीयता र वैधता कायम होस भनी अपेक्षित उद्देश्यअनुरूप मापन हुन सकोस, परीक्षा पूर्वाग्रही ढङ्गले चल्न नपाओस् भन्नका लागि सम्पूर्ण निर्देशन सहितको उत्तर कुञ्जिका तयार गर्नु पर्छ । वस्तुगत प्रश्नको अङ्कनको लागि परीक्षा अघि नै

उत्तरकुञ्जिका तयार पार्नु पर्छ । विषयगत प्रश्नहरूको भने अङ्कन मापनका लागि मापनका सूचि, तालिका, बुँदा वा रूपरेखा सहित परीक्षण गरी अङ्कन व्यवस्था मिलाउनु पर्छ । अङ्कन कार्यमा एकरूपता, विश्वसनीयता, वैधता र सरलता ल्याउनका लागि विषयगत प्रश्नहरूको अङ्कन गर्दा निम्न अङ्कन विधिको प्रयोग गरिन्छ :

**(क) बुँदागत अङ्कन मापन**

प्रश्नका परीक्षणीय आशयलाई बुँदागत रूपमा परिणत गरी सोही अनुसार प्रश्नको अङ्कनलाई विभाजित गरेर त्यसै अनुरूप अङ्कनमापन गर्ने विधिलाई बुँदागत अङ्क मापन विधि भनिन्छ । यसरी परीक्षण गर्नाले धेरै हदसम्म एकरूपता, वस्तुता र विश्वसनीयता कायम गर्न सकिने र परीक्षणको पूर्वाग्रह, विचार, भावना र शैलीले खासै प्रभाव पार्न नसक्ने हुनाले यस विधिलाई सर्वाधिक उपयोग गर्ने गरेको पाइन्छ । भाषिक परीक्षणका क्रममा अन्य विधिका तुलनामा यस विधिलाई सरल र सुलभ मानिन्छ (शर्मा र पौडेल, २०६७:३६५) ।

मूल्याङ्कन शिक्षा तथा मनोविज्ञानका क्षेत्रमा प्रयोग गरिने नयाँ अवधारणा हो । यसको महत्त्व मानव जीवनका हरेक पक्षमा रहेको पाइन्छ । शिक्षा क्षेत्रसँग सम्बन्धित मूल्याङ्कन शैक्षिक मूल्याङ्कन हो । यसले विद्यार्थी, शिक्षक, पाठ्यक्रम, तथा सम्पूर्ण शैक्षिक कार्यक्रमको नै लेखाजोखा गरी सुधारात्मक उपाय अपनाउन बाटो देखाउने काम गर्दछ ।

भाषिक मूल्याङ्कन पनि शैक्षिक मूल्याङ्कनकै एक पाटो भएकाले यसको सम्बन्ध भाषिक अपेक्षासँग रहेको हुन्छ । भाषा शिक्षणबाट प्राप्त हुने भाषिक सीप तथा अवधारणहरू नै भाषिक अपेक्षाहरू हुन् । यिनै भाषिक अपेक्षाहरू परिपूर्ति भए वा भएनन् अध्ययन गर्नका लागि भाषिक मूल्याङ्कन गर्नु पर्ने हुन्छ । भाषिक मूल्याङ्कनका विभिन्न साधनहरू भए पनि परीक्षालाई यसको महत्त्वपूर्ण साधन मानिन्छ । प्रयोगात्मक र मौखिक भन्दा लिखित परीक्षा भाषिक मूल्याङ्कनका दृष्टिले बढी महत्त्वपूर्ण हो । लिखित परीक्षाका लागि प्रश्नको निर्माण गरिन्छ र ती प्रश्नबाट लिइएको मूल्याङ्कनको प्रभावकारिता प्रश्नको अध्ययन विश्लेषणबाट प्राप्त हुन्छ । भाषिक परीक्षण योजना अन्तर्गत पनि तीन मुख्य योजना रहेका पाइन्छन् । पाठ्क्रम विश्लेषण जस्ता शिक्षण कसरी, कहिले, किन, शिक्षण गर्ने भन्ने कुराको निर्धारण गर्ने गर्छ । परीक्षण उद्देश्यको निर्धारणले परीक्षणीय

कार्य भन्दा पहिला उद्देश्यलाई समेट्ने गर्दछ र निश्चित समय, सीमा दिशानिर्देश गर्ने गर्दछ । विशिष्टिकरण तालिकाको निर्माण र प्रयोग बेगर परीक्षणीय कार्य विश्वसनीय र वैधतायुक्त मान्न सकिदैन । जसमा निश्चित समय, परीक्षणीय प्रश्नका प्रकार, प्रश्न सङ्ख्या, अङ्कभार निर्धारण गरेको छ । प्रश्नका मुख्य दुई प्रकार रहेको पाइन्छ - विषयगत र वस्तुगत । अन्तमा बुँदागत अङ्क मापनका आधारमा पनि प्रश्नहरूको विश्लेषण गरिएको छ ।

## अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययन विधि

प्रस्तुत शोधपत्रमा भाषिक प्रश्न निर्माणका बाह्य र आन्तरिक पक्षका आधारमा प्रश्नहरूको अध्ययन गरिएको छ । प्रश्नपत्रमा रहेका प्रमुख विषयवस्तुलाई आवश्यकता अनुसार व्याख्या विश्लेषण गरी प्रस्तुत गरिएको छ । वस्तुतः पुस्तकालयीय अध्ययनबाट प्रस्तुत अनुसन्धान कार्य समयमा गरिने साथसाथै व्याख्यात्मक/वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यस क्रममा निम्नानुसारको प्रस्तुति गर्दै सामग्री सङ्कलन गरिएको छ ।

### ३.१.१ सामग्री सङ्कलनका स्रोतहरू

कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०७४ का लागि पाँच विकास क्षेत्रको प्रतिनिधित्व हुने गरी विभिन्न जिल्ला (मोरङ, भक्तपुर, कास्की, बाँके, कैलाली) बाट आफन्तजन तथा साथीहरूको सहयोगमा प्रश्नपत्रहरू सङ्कलन गरिएको छ ।

**(क) प्राथमिक स्रोत**

यस अध्ययनका क्रममा प्रश्नपत्रहरूलाई प्राथमिक सामग्रीको रूपमा लिइएको छ, अध्ययन विश्लेषणका क्रममा आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ, विशेषज्ञ तथा गुरुवर्गहरूको सहयोग लिइएको छ ।

**(ख) द्वितीयक स्रोत**

सम्बन्धित विषयका पाठ्य पुस्तक, पत्र-पत्रिका, शोधपत्र आदिलाई अध्ययनका क्रममा द्वितीयक स्रोतका रूपमा लिइएको छ ।

## ३.२ सामग्री विश्लेषण विधि

प्रस्तुत शोधकार्यका लागि प्राथमिक स्रोतका सामग्रीलाई मुख्य आधारका रूपमा पाठ्यक्रमका स्वरूपगत ढाँचामा तथा जिल्ला स्तरीयका आधारमा पाँचवटा जिल्लामा उपयोग गरिएका प्रश्नपत्रहरुको विश्लेषण गरिएको छ । उक्त कार्य सम्पन्न पश्चात् देखापरेका समानता तथा भिन्नताका पक्षलाई सैद्धान्तिक तथा प्रयोगात्मक विश्लेषण विधिको प्रयोगद्वारा प्रस्तुत शोधको लागि सैद्धान्तिक अवधारणा, शिक्षण विधि, मूल्याङ्कन प्रक्रिया आदि पक्षको निर्धारण अनुरूप व्याख्या विश्लेषण गर्न आधार सामग्रीको रूपमा लिइएको छ ।

**अध्याय चार**

# व्याख्या तथा विश्लेषण

## ४.१ बाह्य आधारमा प्रश्नपत्रको अध्ययन

प्रश्नपत्र विश्लेषणका आधारहरू मध्ये बाह्य आधार पनि एक हो । बाह्य आधार अन्तर्गत प्रश्नहरूको बाह्य प्रकृति, आकर्षण, स्पष्टता, स्तरीयता जस्ता स्वरूपगत कुराहरूको विश्लेषण गरिन्छ । आकृतिगत वैधताका दृष्टिले प्रश्नहरू के कति सबल वा दुर्बल छन् भनी अध्ययन गरिन्छ । यस अध्यायमा प्रतिनिधि विकास क्षेत्रका प्रश्नपत्रहरूको आकृतिगत वैधताबारे अध्ययन विश्लेषण गरिएको छ । प्रश्न विश्लेषणका बाह्य आधार अन्तर्गत निम्न मुख्य उपआधारमा आधारित भएर प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन विश्लेषण गरिएको छ :

(१) निर्देशन (२) अङ्क विभाजन र समय निर्धारण
(३) प्रस्तुति अनुक्रम (४) प्रश्नपत्रको स्वरूप (५) भाषा

### ४.१.१ निर्देशन

प्रश्नको आशय, उद्देश्य, प्रक्रिया तथा सीमाहरू निर्धारण गर्ने काम प्रश्न निर्देशनले गर्ने हुँदा यो प्रत्येक प्रश्नमा हुनु जरुरी छ । निर्देशनलाई नै परीक्षार्थीको उत्तर दिने आधार भएकाले निर्देशन अनिवार्य रूपले दिइन्छ । आवश्यकताअनुसार निर्देशन प्रश्नको आदि, मध्ये र अन्त्यमा दिन सकिन्छ । निर्देशन अस्पष्ट, अशुद्ध, महत्त्वकाङ्क्षी, दोहोरो अर्थ लाग्ने साथै जटिल भएपनि विद्यार्थीहरू अलमलमा पर्ने र परीक्षणीय कुराहरू जाँच गर्न सकिदैन । त्यसैले निर्देशन सरल, सहज, स्पष्ट, शुद्ध र दोहोरो अर्थ लाग्नु हुँदैन । तसर्थ परीक्षणीय उद्देश्यलाई सार्थक बनाउन निर्देशनको महत्त्वपूर्ण भूमिका रहन्छ । निर्देशन अन्तर्गत शीर्ष-निर्देशन, प्रश्न निर्देशन, निर्देशन चिन्ह, पृष्ठ निर्देशन, विकल्प निर्देशन आदि कुराहरू पर्दछन् । यिनै उल्लेखित कुराहरूलाई आधार मानी प्रतिनिधि प्रश्नहरूको अध्ययन विश्लेषण गरिएको छ ।

### ४.१.१.१ प्रश्न निर्देशन

प्रश्नको आशय, उद्देश्य, प्रक्रिया तथा सीमाहरू निर्धारण गर्ने काम प्रश्न निर्देशनले गर्ने हुँदा यो प्रत्येक प्रश्नमा हुनु जरुरी छ । प्रश्नहरू विषयगत वा वस्तुगत के हो भनी छुट्याउने आधार तथा प्रश्नपत्रलाई वैध, विश्वसनीय, स्पष्ट, उद्देश्यपूर्ण र प्रभावकारी बनाउने आधार समेत प्रश्न निर्देशन हो । एउटा प्रश्न भित्र उपप्रश्नहरू रहेको अवस्थामा प्रश्न निर्देशनको अझ आवश्यकता खड्कन्छ । निर्देशन विनाको प्रश्नले कति उत्तर दिने, कस्तो उत्तर दिने भन्ने जस्ता कुरामा अस्पष्टता रहने हुँदा प्रश्नलाई उद्देश्यपूर्ण बनाइ स्तरीय परीक्षणका लागि प्रश्न निर्देशन अपरिहार्य तत्व मानिन्छ ।

प्रश्न निर्देशनका दृष्टिले प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा स्पष्ट निर्देशन दिइएको पाइन्छ । संकलित प्रश्नपत्रहरूमा रहेका प्रश्न निर्देशनहरूलाई सन्तोषजनक नै मान्न सकिन्छ । जस्तै :

१. तलका प्रश्नहरूमध्ये कुनै चारओटा प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् (भक्तपुर, २०६७) ।

(क) गोपालप्रसाद रिमालका नाट्यकृतिले के सन्देश दिन्छन् ?

(ख) व्यापारीकी छोरी बाठी थिई भन्ने कुरा कसरी थाहा पाइन्छ ?

(ग) "हामी एउटै हौं" एकाङ्कीको मुख्य आशय के हो ?

(घ) नेपालमा वन्यजन्तुको सुरक्षाका लागि के कस्ता प्रयासहरू गरिएका छन् ?

(ङ) विश्वेश्वर प्रसाद कोइरालाको सङ्घर्षशील जीवनीबाट लिन सकिने प्रेरणा के हो ?

(च) हिमाली धरतीलाई किन धाम भनिएको हो ?

२. कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले खाली ठाउँ भर्नुहोस् : ( व्याकरणात्मक पक्ष)

(क) सोनिया निबन्ध .................. । (लेख् : अभ्यस्त भूत)

(ख) वीरमान त ठूलै मानिस .................. । (बन् : पूर्ण भविष्यत्)

(ग) तीन वर्षपछि म अमेरिका .................. । (जा : सम्भावनार्थ)

(घ) तिमीहरू ध्यान दिएर ................. । (पढ् : इच्छार्थ)

### ४.१.१.२ विकल्प निर्देशन

विकल्प भन्नाले यो अथवा त्यो भन्ने बुझिन्छ । सामान्यतया कुनै विषयका विकल्प प्रश्नहरू छुट्याउन प्रयोग गरिने निर्देशनले विकल्प निर्देशनलाई बुझाउँछ । कुनै पनि विषयका प्रश्नहरूमा विकल्प दिनु सैद्धान्तिक हिसावले राम्रो नमानिए पनि व्यवहारिक रूपमा विद्यार्थीहरूलाई सजिलो होस् भन्नका लागि विकल्प दिने गरिन्छ । विकल्प निर्देशन दिंदा समय, अङ्कभार, उद्देश्य तथा आशय र समान कठिनाइस्तर भएको विकल्प दिनु पर्छ । विकल्प निर्देशन दिंदा विद्यार्थीले आफूलाई राम्ररी आउने प्रश्नको उत्तर रोजेर दिन पाउने हुनाले प्रश्नको उत्तर दिन सजिलो हुने गर्दछ । तलका कुनै यति वटा प्रश्नको उत्तर दिनुहोस् भनेर विकल्प निर्देशन दिन सकिन्छ अथवा स्वरूप प्रकृतिका प्रश्नमा वा, अथवा जस्ता शब्दको प्रयोग गरेर पनि विकल्प दिन सकिन्छ । विकल्प अङ्क र अक्षर जुनसुकैमा दिन सकिन्छ ।

यस आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको विकल्प निर्देशनको अवस्था निम्न बमोजिम रहेको पाइन्छ :

मोरङ : प्र.नं. १६ मा कुनै चार भनी अक्षरमा विकल्प दिइएको छ । प्र.नं. ११, १३, १४, १५ र १७ मा कुनै एक भनी अक्षरमा विकल्प निर्देशन गरिएको छ । त्यस्तै गरी प्र.नं. १२ मा संवाद लेखनको साटो कथालेखनलाई 'अथवा' भनी विकल्प निर्देशन गरिएको छ ।

भक्तपुर : प्र.नं. १ मा कुनै चार भनी अक्षरमा निर्देशन गरिएको छ । प्र.नं. २, ५, ६, ८ मा क्रमशः कुनै एक भनी अक्षरमा विकल्प दिइएको छ । प्र.नं. ७ भने कथाको साटौं संवादलाई र प्र.नं. ९ मा वादविवादको साटो चिठीलाई 'अथवा' भनी विकल्प प्रष्ट निर्देशन दिइएको छ ।

कास्की : प्र.नं. १ मा कुनै चार प्रश्न भनी अक्षरमा विकल्प निर्देशन दिइएको छ । प्र.नं. २, ५, ६ र ८ मा कुनै एक भनी अक्षरमा विकल्प निर्देशन गरिएको छ र प्र.नं. ७ मा कथाको साटो संवादलाई 'अथवा' भनी विकल्प निर्देशन गरिएको छ ।

बाँके : प्र.नं. १ मा कुनै चार प्रश्न भनी अक्षरमा निर्देशन गरिएको छ। प्र.नं. २, ५, ६, ८ मा कुनै एक भनी अक्षरमा विकल्प निर्देशन दिइएको पाइन्छ र प्र.नं. ७ मा कथालेखनको साटो संवादलाई 'अथवा' भनी प्रष्ट विकल्प निर्देशन गरिएको छ।

कैलाली : प्र.नं.१ मा कुनै चार प्रश्न भनी अक्षरमा निर्देशन दिइएको छ, प्र.नं. २, ५, ६, ८ मा कुनै एक भनी अक्षरमा विकल्प निर्देशन पाइन्छ र प्र.नं.७ मा भने कथाको साटो संवादलाई अथवा भनी विकल्प प्रयोग गरिएको छ।

माथिका निर्देशनलाई हेर्दा सबै जिल्लाको विकल्प निर्देशनमा आवश्यकता अनुसार रहेको पाइन्छ । भक्तपुर बाहेक सबै जिल्लाको विकल्प निर्देशनमा एकरूपता भएको पाइन्छ। भक्तपुर जिल्लाले मात्र कथा र संवाद बाहेक अर्को विकल्पका रूपमा वादविवाद र चिठीलाई पनि विकल्प निर्देशनका रूपमा लिइएको पाइन्छ।

### ४.१.१.३ पृष्ठ निर्देशन

प्रश्नपत्रको पृष्ठसम्बन्धी जानकारी नै पृष्ठ निर्देशन हो । पृष्ठ निर्देशनले प्रश्नहरू अर्को पृष्ठमा पनि छ भन्ने कुराको जानकारी दिनुका साथै प्रश्न समाप्त भएको जानकारी पनि प्रदान गर्ने भएकाले प्रश्नपत्रमा पृष्ठ निर्देशन दिनु अनिवार्य मानिन्छ। पृष्ठ निर्देशनले विद्यार्थीहरूलाई सम्पूर्ण प्रश्नको जानकारी दिने हुँदा प्रश्न छुट्ने सम्भावना कम हुन्छ । एउटै पृष्ठमा प्रश्नपत्र समेटिने अवस्थामा पृष्ठ निर्देशन दिइरहनु पर्दैन तर प्रश्नको प्रकृति, कागजको आकार प्रकार, अक्षरको आकार आदिले गर्दा प्रश्नपत्र लामो हुनसक्छ त्यसबेला पृष्ठ निर्देशनको महत्त्व खड्किन्छ र निर्देशन दिनु आवश्यक छ। पृष्ठ निर्देशन दिंदा प्रायः पृष्ठको पुछारमा क्रमशः कृ.प.उ. वा १, २, ३, र प्रश्न सकिएपछि समाप्त, धन्यवाद वा सकिएको सङ्केत चिन्ह राख्ने गरेको पाइन्छ।

यस आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको विश्लेषण गर्दा निम्नानुसारको अवस्था पाइन्छ :

मोरङ : कुनै पानामा केही उल्लेख नगरी समाप्त लेख्नुपर्ने ठाउँमा पनि केही नलेखेर समापन गरेको पाइन्छ।

भक्तपुर : प्रत्येक पानामा १, २, ३ लेखिएको र अन्त्यको पानामा भने सङ्केत चिन्हको प्रयोग गरी उपयुक्त पृष्ठ निर्देशन दिइएको छ ।

कास्की : प्रत्येक पानामा १, २, ३ लेखिएको र अन्त्यको पानामा भने समाप्त लेखी प्रश्नपत्रको समापन गरेको पाइन्छ ।

बाँके : यसमा समाप्त लेखेर प्रश्नपत्रको समापन गरिएको छ ।

कैलाली : यसमा पनि समाप्त लेखी प्रश्नपत्रको समापन गरेको पाइन्छ ।

यसरी हेर्दा मोरङ बाहेकका अन्य जिल्लाहरूले पृष्ठ निर्देशनमा सचेतता अपनाएको पाइन्छ । यसलाई कमजोर पक्ष मान्न सकिन्छ ।

## ४.१.२ अङ्क विभाजन र समय निर्धारण

अङ्क विभाजन र समय निर्धारणले प्रश्नपत्रमा महत्त्व राख्दछ । प्रश्नको अङ्कअनुसार समय निर्धारण गरिने हुँदा यी दुवैका बीचमा सन्तुलन हुनु जरुरी छ । समय र प्रश्न अङ्कका बीच सन्तुलन हुनु जरुरी छ । समय र प्रश्न अङ्कका बीच सन्तुलन हुन सकेन भने बाह्य वैधता मात्र होइन आन्तरिक वैधता समेत खलबलिन पुग्छ । अङ्क र समय बीच सन्तुलन हुन नसके उत्तर दिनमा कठिनाइ हुनका साथै अन्योलको स्थिति पैदा हुन सक्छ । प्रश्नको प्रकृति, उत्तरको आकार, कठिनाइ स्तर आदिका आधारमा अङ्क र समय निर्धारण गर्नुपर्छ । लामो उत्तर दिनुपर्ने प्रश्नलाई बढी अङ्क र समय तथा छोटो उत्तर दिनुपर्ने प्रश्नलाई कम अङ्क र समय छुट्याइयो भने अङ्क विभाजन र समय निर्धारण उपयुक्त हुन सक्छ ।

उपर्युक्त दृष्टिकोणबाट प्रतिनिधि प्रश्नहरूको निम्न आधारहरू मार्फत विश्लेषण गरिएको छ :

### ४.१.२.१ पूर्णाङ्क र त्यसको वितरण

प्रश्नहरूको एकमुष्ट अङ्क नै त्यस प्रश्नपत्रको कूल पूर्णाङ्क हो । पूर्णाङ्कलाई प्रश्नपत्रको शीर्ष भागमा दायाँपट्टि राख्ने गरिन्छ । प्रश्नपत्रमा उल्लिखित पूर्णाङ्कलाई प्रश्नको प्रकृति अनुसार ससाना भागमा वितरण गरेर राखिएको हुनुपर्छ । यसरी वितरित

अङ्क र पूर्णाङ्कका बीच तालमेल मिल्नुपर्छ । तसर्थ पूर्णाङ्क र त्यसको वितरणमा विशेष ध्यान दिनुपर्छ ।

उक्त आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको विश्लेषण गर्दा निम्नानुसारको अवस्था देखिन्छ :

**तालिका नं. १**

**प्रश्न र पूर्णाङ्क वितरण**

| क.सं. | जिल्ला | जम्मा प्रश्न सङ्ख्या | जम्मा पूर्णाङ्क | प्रश्न सङ्ख्या अनुसार क्रमशः छुट्याइएको अङ्क | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ |
| १ | मोरङ | १७ | ७५ | ५ | २ | ५ | ३ | ४ | ६ | ३ | २ | ५ | ५ | १० | ५ | ५ | ५ | ५ | १० | १० |
| २ | भक्तपुर | १७ | ७५ | २० | १० | ५ | ५ | ५ | ५ | ५ | १० | ५ | ३ | ४ | ६ | २ | ३ | २ | ५ | ५ |
| ३ | कास्की | १७ | ७५ | २० | १० | ५ | ५ | ५ | ५ | ५ | १० | ५ | ३ | ४ | ६ | २ | ३ | २ | ५ | ५ |
| ४ | बाँके | १७ | ७५ | २० | १० | ५ | ५ | ५ | ५ | ५ | १० | ५ | ३ | ४ | ६ | २ | ३ | २ | ५ | ५ |
| ५ | कैलाली | १७ | ७५ | २० | १० | ५ | ५ | ५ | ५ | ५ | १० | ५ | ३ | ४ | ६ | २ | ३ | २ | ५ | ५ |

माथि प्रस्तुत गरिएको तालिकाका आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको विश्लेषण गर्दा सबै क्षेत्रका प्रश्नपत्रहरूको दायापट्टि शीर्ष भागमा पूर्णाङ्क उल्लेख गरेको पाइन्छ । यसरी उल्लेख गरिएको पूर्णाङ्कमा एकरूपता हुनुका साथै प्रश्नपिच्छे गरिएको अङ्क वितरणमा पनि समानता देखिन्छ । वितरित अङ्क र पूर्णाङ्कका बीचमा तालमेल पाइन्छ । मोरङ र कास्की जिल्लाको प्रश्नपत्रहरूमा उपप्रश्नहरूको अङ्कभारको लागि छुट्याइएको अङ्कलाई प्रश्न सङ्ख्याले गुणन गरी जम्मा अङ्क प्रस्तुत गरिएको छ । भक्तपुर, कैलाली र बाँके प्रश्नपत्रहरूमा कतै एकमुष्ट अङ्क उल्लेख गरिएको छ भने कतै प्रश्न सङ्ख्यालाई अङ्कभारले गुणन गरिएको छ । भक्तपुर प्र.नं. १, ३, १०, १३ र १५ कैलालीको प्रश्न १, २, १०, ११, १२, १४, १५, १६ र १७ र बाँकेको प्रश्न नं. १ मा मात्र उपप्रश्नहरूको अङ्कभारको लागि छुट्याइएको अङ्कलाई प्रश्न सङ्ख्याले गुणन गरी जम्मा अङ्क प्रस्तुत गरिएको छ तर अन्य प्रश्नहरूमा भने एकमुष्ट अङ्क दिइएको छ । त्यस्तै अङ्क र प्रश्न सङ्ख्या राख्ने क्रममा पनि एकरूपता कुनै जिल्लाका प्रश्नपत्रमा

पाइएको छैन । त्यसैले पूर्णाङ्क र त्यसका वितरणका दृष्टिले मोरङ र कास्की जिल्लाका प्रश्नपत्रहरूलाई स्तरीय मान्न सकिन्छ भने भक्तपुर, कैलाली र बाँके जिल्लाका प्रश्नपत्रहरूमा केही कमजोरी देखिएको र सुधार गर्नुपर्ने देखिन्छ ।

### ४.१.२.२ **उत्तीर्णाङ्क**

कुनै कक्षा वा तह उत्तीर्ण गर्नका निम्ति निर्धारण गरिएको न्यूनतम अङ्क नै उत्तीर्णाङ्क हो । यही उत्तीर्णाङ्कलाई आधार मानी परीक्षार्थीलाई कक्षा चढाउने वा नचढाउने निर्णय गरिन्छ । परीक्षार्थीले उत्तीर्णाङ्क वा त्यो भन्दा बढी अङ्क ल्याएमा सफल र उत्तीर्णाङ्क भन्दा कम अङ्क ल्याएमा असफल मानिन्छ । उत्तीर्णाङ्कको निर्धारण गर्ने आधार प्रश्नपत्रको पूर्णाङ्क, कक्षा वा तह, विषय हुन सक्छन् । उत्तीर्णाङ्क जहिले पनि पूर्णाङ्कको ठीक मुनि राख्ने गरिन्छ । यसका अनुसार प्रतिनिधि प्रश्नपत्रहरूको विश्लेषण गर्दा पूर्णाङ्क ७५ का लागि ३० अङ्क उत्तीर्णाङ्क राखिएको छ । यो सबै विकास क्षेत्रका प्रश्नपत्रहरूमा पाइएकाले यसमा समानता र उपयुक्तता रहेको देखिन्छ ।

### ४.१.२.३ **पढाइ सीप र अङ्क विभाजन**

भाषा विषय पढाउनुको मुख्य उद्देश्य भाषिक सीपमा दक्ष बनाउनु हो । भाषाका चारवटा सीपहरू मध्ये पढाइ सीप एक हो । जुन भाषाको ग्रहणात्मक सीपमा पर्दछ । माध्यमिक तहको पाठ्यक्रमले पढाइ र लेखाइ सीपमा जोड दिएको पाइन्छ । पढाइ सीपको परीक्षण बोध, सारांश, व्याख्या, वर्णन, स्वतन्त्र रचना शब्दभण्डार, आदिका माध्यमबाट गरेको पाइन्छ ।

यस आधारमा प्रतिनिधि प्रश्नहरूलाई निम्नानुसार हेर्न सकिन्छ :

**तालिका नं. २**

**पढाइ सीप र अङ्क विभाजन**

| क्र.सं. | जिल्ला | पूर्णाङ्क | विवेचनात्मक प्रश्न | | सङ्क्षिप्त उत्तरात्मक प्रश्न | | पठनबोध प्रश्न | | सप्रसङ्ग व्याख्या | | भाव व्यक्त गर्ने प्रश्न | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्र.सं | अ.वि. | प्र.स. | अ.वि. | प्र.स. | अ.वि. | प्र.स. | अ.वि. | प्र.स. | अ.वि. | |
| १ | मोरङ | ७५ | १ | १० | ४ | २० | १ | ५ | १ | ५ | १ | ५ | ४५ |
| २ | भक्तपुर | ७५ | १ | १० | ४ | २० | १ | ५ | १ | ५ | १ | ५ | ४५ |
| ३ | कास्की | ७५ | १ | १० | ४ | २० | १ | ५ | १ | ५ | १ | ५ | ४५ |
| ४ | बाँके | ७५ | १ | १० | ४ | २० | १ | ५ | १ | ५ | १ | ५ | ४५ |
| ५ | कैलाली | ७५ | १ | १० | ४ | २० | १ | ५ | १ | ५ | १ | ५ | ४५ |

क्र.सं. : क्रम सङ्ख्या

प्र.स. : प्रश्न सङ्ख्या

अ.वि. : अङ्क विभाजन

प्रस्तुत तालिकाको अध्ययन गर्दा पढाइ सीप परीक्षण गर्न पाठगत तथा बोध प्रश्नहरूको निर्माण गरिएको छ । साथै पढाइ सीप परीक्षणका लागि सबै जिल्लाको अङ्क विभाजन बराबर गरेको पाइन्छ । पढाइ सीप परीक्षणका लागि विवेचनात्मक उत्तर दिने, संक्षिप्त उत्तर दिने, अनुच्छेद दिने, सप्रसङ्ग व्याख्या गर्ने, भाव व्यक्त गर्ने प्रश्नहरू सबै जिल्लाले समावेश गरेको पाइन्छ । विशिष्टीकरण तालिका र नमुना प्रश्नपत्रका आधारमा पढाइ सीपका लागि अङ्क विभाजन गरिएको पाइन्छ ।

### ४.१.२.४ लेखाइ सीप र अङ्क विभाजन

भाषिक सीप अन्तर्गत लेखाइ सीपलाई अन्तिम सीपको रूपमा लिइन्छ । यो भाषिक अभिव्यक्तिसँग सम्बन्धित छ । लेखाइ सीपको परीक्षण विना भाषिक परीक्षण पूर्ण हुन नसक्ने हुँदा यसको महत्त्व रहेको छ । यसले सुनाइ र पढाइबाट ग्रहण गरिएका कुरालाई अभिव्यक्ति गर्न सघाउ पुऱ्याउँछ । ग्रहण गरेका कुरालाई सिलसिला मिलाई कलात्मक रूपमा प्रस्तुत गर्ने काम लेखाइ सीपबाटै हुने हुँदा यसको परीक्षणीय महत्त्व

अझ बढेको पाइन्छ । लेखाइ सीप परीक्षणका लागि स्वतन्त्र रचनाअन्तर्गत निबन्ध, चिठी, संवाद, दैनिकी, निवेदन, कथालेखन, जीवनी आदि पर्दछन् ।

लेखाइ सीप परीक्षणका दृष्टिले प्रतिनिधि प्रश्नपत्रहरूलाई निम्नानुसार हेर्न सकिन्छ :

**तालिका नं. ३**

**लेखाइ सीप र अङ्क विभाजन**

| क्र.सं. | जिल्ला | पूर्णाङ्क | निबन्ध | | कथा | | संवाद | | वादविवाद | | निवेदन | | चिठी | | सारांश | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्र.सं. | अ.वि. | प्र.सं. | अ.वि. | प्र.सं. | अ.वि. | प्र.सं. | अ.वि. | प्र.सं. | अ.वि. | प्र.सं. | अ.वि. | प्र.सं. | अ.वि. | |
| १ | मोरङ | ७५ | १ | १० | १ | ५ | १ | ५ | १ | ५ | – | – | १ | ५ | १ | ५ | २५ |
| २ | भक्तपुर | ७५ | १ | १० | १ | ५ | १ | ५ | १ | ५ | – | – | १ | ५ | १ | ५ | २५ |
| ३ | कास्की | ७५ | १ | १० | १ | ५ | १ | ५ | – | – | – | – | १ | ५ | १ | ५ | २५ |
| ४ | बाँके | ७५ | १ | १० | १ | ५ | १ | ५ | – | – | – | – | १ | ५ | १ | ५ | २५ |
| ५ | कैलाली | ७५ | १ | १० | १ | ५ | १ | ५ | – | – | – | – | १ | ५ | १ | ५ | २५ |

क्र.सं. : क्रम सङ्ख्या

प्र.सं. : प्रश्न सङ्ख्या

अ.वि. : अङ्क विभाजन

प्रस्तुत तालिकाको अध्ययन गर्दा सबै जिल्लाको प्रतिनिधि प्रश्नपत्रको लेखाइ सीप परीक्षणका लागि गरेको अङ्क विभाजनमा एकरूपता देखिन्छ । विशिष्टीकरण तालिका र नमुना प्रश्नपत्रलाई आधार मानी अङ्क विभाजन गरिएको पाइन्छ । विधा समावेश गर्ने क्रममा मोरङ र भक्तपुर जिल्लाले मात्र वादविवाद समावेश गरेको छ भने अरू तीन जिल्लामा वादविवाद समावेश गरेको पाइदैन र निवेदन भने कुनै पनि जिल्लामा समावेश गरेको पाइँदैन । यसरी प्रश्न सोधाइमा विविधता देखिए पनि अङ्क विभाजनमा एकरूपता देखिन्छ ।

### ४.१.२.५ शब्दभण्डार र अङ्क विभाजन

शब्दभण्डार अन्तर्गत पर्यायवाची, विपरितार्थी, अनेकार्थी, श्रुतिसमभिन्नार्थी, प्राविधिक, पारिभाषिक अनुकरणात्मक शब्दका साथै शब्दको अर्थ लेख्ने र शब्दलाई

वाक्यमा प्रयोग गर्ने आदि पर्दछन् । शब्दभण्डारले भाषिक क्षमता बढाउन सहयोग पुऱ्याउने हुँदा यसको परीक्षण गर्नु आवश्यक ठानी माध्यमिक शिक्षा नेपाली पाठ्यक्रमले पनि निश्चित अङ्क छुट्याएको छ ।

यसका आधारमा प्रतिनिधि प्रश्नहरूको अङ्क विभाजन तलको तालिकाद्वारा स्पष्ट पारिएको :

**तालिका नं. ४**

**शब्दभण्डार र अङ्क विभाजन**

| क्र.सं. | जिल्ला | पूर्णाङ्क | शब्दार्थ | | वाक्यमा प्रयोग गर्ने | | खाली ठाउँ भर्ने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्र.सं. | अ.वि. | प्र.सं. | अ.वि. | प्र.सं. | अ.वि. | |
| १ | मोरङ | ७५ | ४ | २ | ५ | ५ | ६ | ३ | १० |
| २ | भक्तपुर | ७५ | ४ | २ | ५ | ५ | ६ | ३ | १० |
| ३ | कास्की | ७५ | ४ | २ | ५ | ५ | ६ | ३ | १० |
| ४ | बाँके | ७५ | ४ | २ | ५ | ५ | ६ | ३ | १० |
| ५ | कैलाली | ७५ | ४ | २ | ५ | ५ | ६ | ३ | १० |

प्रस्तुत तालिकाको आधारमा शब्दभण्डार र अङ्क विभाजनलाई हेर्दा सबै जिल्लाको अङ्क विभाजनमा समानता पाइएको र कुनै किसिमको अङ्क विभाजनमा अन्तर नदेखिएकोले उपयुक्त नै मान्न सकिन्छ ।

### ४.१.२.६ व्याकरण र अङ्क विभाजन

भाषिक परीक्षणका क्रममा व्याकरण प्रयोग परीक्षण गर्नु अति आवश्यक मानिन्छ । यसले भाषिक सीप विकासमा पनि थप टेवा पुऱ्याउँछ । विशिष्टीकरण तालिकाले व्याकरणका लागि २० प्रतिशत अङ्क छुट्याएको छ । व्याकरणअन्तर्गत शब्दवर्ग, शब्दनिर्माण, काल, पक्ष, भाव, वाक्यपरिवर्तन, वाक्यसंश्लेषण तथा विश्लेषण जस्ता कुराहरू पर्दछन् ।

प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा व्याकरणको परीक्षणका लागि निम्नानुसार अङ्क छुट्याएको देखिन्छ :

**तालिका नं. ५**

**व्याकरण र अङ्क विभाजन**

| क्र.सं. | जिल्ला | खाली ठाउँ भर्ने प्रश्न | | वाक्य परिवर्तन गर्ने प्रश्न | | कारक र विभक्ति प्रयोग गर्ने प्रश्न | | पदवर्ग छुट्याउने प्रश्न | शुद्ध गर्ने प्रश्न | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्र.सं. | अ.वि. | प्र.सं. | अ.वि. | प्र.सं. | अ.वि. | | | |
| १ | मोरङ | ४ | ४ | ६ | ६ | ४ | २ | ३ | ५ | २० |
| २ | भक्तपुर | ४ | ४ | ६ | ६ | ४ | २ | ३ | ५ | २० |
| ३ | कास्की | ४ | ४ | ६ | ६ | ४ | २ | ३ | ५ | २० |
| ४ | बाँके | ४ | ४ | ६ | ६ | ४ | २ | ३ | ५ | २० |
| ५ | कैलाली | ४ | ४ | ६ | ६ | ४ | २ | ३ | ५ | २० |

क्र.सं. : क्रम सङ्ख्या

प्र.सं. : प्रश्न सङ्ख्या

अ.वि. : अङ्क विभाजन

माथिको तालिकाको अध्ययन गर्दा व्याकरण सीप परीक्षणका लागि प्रतिनिधि प्रश्नपत्रमा २० अङ्क विभाजन गरिएको छ जुन विशिष्टीकरण तालिका अनुरूप देखिन्छ। यसरी व्याकरणात्मक सीप परिवर्तन गर्ने प्रतिनिधि प्रश्नपत्रमा विशिष्टीकरण तालिका अनुरूपका पदवर्ग, काल, भाव, पक्ष, वाच्य, वर्णविन्यास जस्ता व्याकरणात्मक प्रश्नमा अङ्क मापनका दृष्टिले समानता रूपमा समावेश गरेकाले व्याकरणीय परीक्षण र अङ्क विभाजनका दृष्टिले प्रश्नपत्र उपयुक्त मान्न सकिन्छ।

### ४.१.२.७ समय निर्धारण

प्रश्नपत्रमा सोधिएको प्रश्नहरूको उत्तर दिनका लागि निश्चित समय निर्धारण गरिएको हुन्छ। त्यही समयको परिधिभित्र रही परीक्षार्थीले प्रश्नको उत्तर दिनुपर्ने हुन्छ। समय निर्धारण गर्दा पूर्णाङ्कलाई नै विशेष आधार बनाइएको हुन्छ। त्यस्तै प्रश्नको प्रकृति, कठिनाइस्तर, विद्यार्थीको लेख्न सक्ने, औसत क्षमता र उत्तरमा समावेश गर्नुपर्ने

आवश्यकीय कुराहरूले पनि समय निर्धारणलाई प्रभाव पारेको हुन्छ । समय निर्धारणका आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा पूर्णाङ्क अनुसार समय निर्धारण गरेको पाइन्छ । १०० पूर्णाङ्कका लागि ३ घण्टा समय प्रतिनिधि प्रश्नपत्रमा गरिएको छ । विशिष्टीकरण तालिकामा प्रतिप्रश्न समय तोकिए पनि प्रश्नमा एकमुष्ट समय तोकिएको छ जुन व्यवहारिक हिसावले उपयुक्त छ । प्रश्नको अङ्कभार नै समय निर्धारणको आधार बन्न पुगेको छ । समय निर्धारणलाई हेर्दा प्रतिनिधि प्रश्नपत्रलाई दोष लगाउने ठाउँ छैन ।

### ४.१.३ प्रस्तुति अनुक्रम

विभिन्न प्रकृतिका प्रश्नहरूको रखाइ क्रम नै प्रस्तुति अनुक्रम हो । यसरी अनुक्रम मिलाउँदा प्रश्नहरूलाई समूहीकरण गरी सरलता र जटिलताको क्रममा राख्ने गरिन्छ । प्रश्नको प्रकृति विषयगत वा वस्तुगत जुन भए पनि अनुक्रम मिलाउने कुरामा भने विशेष स्थान पुऱ्याउनु राम्रो मानिन्छ । प्रश्नको सही अनुक्रम मिलाउन सके परीक्षाका समयमा विद्यार्थीहरू आत्तिने, हतोत्साहित हुने, अलमलिने कुराबाट बच्न सक्छन् । विना अनुक्रम प्रश्नपत्र निर्माण गर्नाले विद्यार्थीलाई मात्र होइन परीक्षणलाई पनि यसले बाधा पुऱ्याउँछ । प्रश्नलाई सरलबाट जटिल वा जटिलबाट सरल तरिकाले प्रस्तुत गर्न सकिने भए पनि सरलबाट जटिल अनुक्रममा प्रस्तुत गर्दा उपयुक्त हुने कुरा पुष्टि भएको छ । प्रश्नहरूलाई समूहमा क्रमवद्ध गर्दा पहिलो समूहमा वस्तुगत दोस्रो समूहमा सङ्क्षिप्त उत्तरात्मक र तेस्रो समूहमा निबन्धात्मक प्रश्नहरू राख्नुलाई राम्रो मानिन्छ । यसरी प्रस्तुत गर्दा समूह भित्रकै प्रश्नहरूमा पनि क्रम मिलाउन भने बिर्सनु हुँदैन । प्रश्नको प्रकृति अनुसार समूह विभाजन नगरी प्रश्न प्रस्तुत गर्नु परेमा पढाइ सीपसम्बन्धी सङ्क्षिप्त उत्तर, पठनबोध, सारांश, व्याख्या, टिप्पणी, विवेचना र विस्तार आदि क्रममा राख्नु उपयुक्त ठानिन्छ । त्यसैगरी लेखाइ सीपसम्बन्धी चिठी, दैनिकी, मनोवाद, विवाद, निबन्ध राखी तेस्रो समूहमा शब्दभण्डार र चौथोमा व्याकरणात्मक प्रश्न राख्नुलाई राम्रो ठानिन्छ ।

यस आधारमा प्रतिनिधि प्रश्नपत्रमा प्रस्तुति अनुक्रमको अध्ययन गर्दा वस्तुगत प्रश्न राख्ने व्यवस्था भएको पाइदैन । प्रश्नहरूलाई भक्तपुर, कास्की, बाँके र कैलालीले पाठ्यक्रम विकास केन्द्रले तयार पारेको नमुना अनुसार जटिलबाट सरलताको क्रममा अनुक्रम मिलाएको पाइन्छ । मोरङ जिल्लाको प्रश्नपत्रलाई हेर्दा सरलबाट जटिल

अनुक्रममा प्रश्नहरूलाई प्रस्तुत गरेको पाइन्छ । भक्तपुर, कास्की, वर्दिया र कैलाली जिल्लाका प्रश्नपत्रहरूको अनुक्रम सङ्क्षिप्त उत्तरात्मक प्रश्न, विवेचनात्मक प्रश्न, अनुच्छेदसम्बन्धी बोधात्मक प्रश्न, सारांश सम्बन्धी प्रश्न, भाव स्पष्ट पार्ने प्रश्न, सप्रसङ्ग व्याख्या गर्ने प्रश्न, कथा वा संवाद लेख्ने प्रश्न, निबन्ध लेख्ने प्रश्न, चिठी तथा स्वतन्त्र विचार अभिव्यक्ति गर्ने प्रश्न, व्याकरणात्मक प्रश्न र शब्दभण्डार सम्बन्धी प्रश्नहरू रहेका छन् । मोरङ जिल्लाको प्रश्नपत्रमा माथिको अनुक्रमको ठीक उल्टो अनुक्रम रहेको छ । यसरी मोरङ जिल्ला बाहेक अन्य जिल्लाका प्रश्नपत्रहरूमा पठनबोध र अभिव्यक्ति सीप परीक्षण गर्ने प्रश्नहरूपछि मात्र व्याकरण र शब्दभण्डारसम्बन्धी प्रश्नहरू दिइएको छ । यसरी प्रस्तुति अनुक्रमका दृष्टिले सबै जिल्लाका प्रश्नपत्रहरूलाई उचित नै ठान्न सकिन्छ ।

### ४.१.४ प्रश्नपत्रको स्वरूप

प्रश्नपत्रको स्वरूप भन्नाले सामान्यतः प्रश्नपत्रको आकृति र आकारप्रकार भन्ने बुझिन्छ । प्रश्नपत्रको स्वरूपभित्र शीर्षभाग, आकार, प्रश्न सङ्ख्या, पृष्ठ, कागज, छपाइ र सफाइ जस्ता तत्वहरू समेटिन्छन् । प्रश्नपत्रको स्वरूप नै उपयुक्त र स्तरीय नभएमा त्यस्तो प्रश्नपत्रलाई परीक्षणका क्रममा प्रयोगमा ल्याउन असहज हुन्छ र त्यस्तो प्रश्नपत्र त्रुटिपूर्ण मानिन्छ । यहाँ प्रतिनिधि प्रश्नपत्रहरूको शीर्ष भाग, प्रश्न सङ्ख्या, पृष्ठ, कागजको स्तर, छपाइ र सफाइ भाषा जस्ता पक्षमाथि अध्ययन विश्लेषण गर्ने प्रयत्न गरिएको छ :

#### ४.१.४.१ शीर्ष भाग

प्रश्नपत्रको शीर्ष भाग भन्नाले प्रश्न सुरु हुनु भन्दा पहिलेको भाग भन्ने बुझिन्छ । शीर्ष भागमा प्रश्नसँग सम्बन्धित सूचनाका साथै सम्बन्धित संस्था, कक्षा वा तहको नाम लेखिएको हुन्छ । शीर्ष भागमा लेखिएका कुराहरू शुद्ध, स्पष्ट र आकर्षक हुनु पर्दछ । यस आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा निम्न अवस्था पाइन्छ :

मोरङ : जिल्ला स्तरीय परीक्षा, २०७४
भक्तपुर : जिल्ला स्तरीय परीक्षा, २०७४
कास्की : जिल्ला स्तरीय परीक्षा, २०७४
बाँके : जिल्ला स्तरीय निम्न माध्यमिक (आधारभूत तह) परीक्षा, २०७४, बाँके
कैलाली : जिल्ला स्तरीय परीक्षा, २०७४

माथि उल्लेखित प्रश्नपत्रको शीर्ष भागलाई हेर्दा कास्की र बाँके बाहेक तीनवटा जिल्लाले सम्बन्धित जिल्लाको नाम उल्लेख गरेको पाइदैन । यसरी प्रश्नपत्रमा सम्बन्धित जिल्लाको नाम राख्नु उपयुक्त मानिन्छ । यसरी नेपाली विषयको प्रश्नपत्रमा कास्की जिल्लाले शीर्ष भागमा अङ्ग्रेजी शब्दको प्रयोग नगरेको भए राम्रो हुने थियो । कास्की जिल्लाको प्रश्नपत्रमा विद्यार्थीलाई निर्देशनका रूपमा निम्न कुरा उल्लेख गरिएको छ । "मौलिक उत्तरलाई प्रोत्साहन दिइने छ ।" त्यस्तै भक्तपुर जिल्लाको प्रश्नपत्रमा "विद्यार्थीहरूले उत्तर दिँदा घोकेको, कण्ठ गरेको र पाठ्यपुस्तकबाट हु-बहु सारेको जस्तो उत्तर नदिई सकभर आफ्नै शैली र ढङ्गमा आफ्नो कुरा अभिव्यक्त गरी सिर्जनात्मक उत्तर दिनुपर्छ र अङ्क दिंदा यस्ता उत्तरलाई प्रोत्साहन दिइने छ ।" त्यसै गरी मोरङ जिल्लाको प्रश्नपत्रमा "आफ्नै शैलीमा मौलिक कुरा अभिव्यक्त गरी सिर्जनात्मक उत्तर दिनु पर्दछ । अङ्क दिंदा त्यस्ता उत्तरलाई प्राथमिकता दिइनेछ ।" त्यस्तै गरी बाँके जिल्लाको प्रश्नपत्रमा "मौलिक सिर्जनात्मक उत्तरलाई प्रोत्साहन दिइनेछ ।" त्यसैले शीर्ष भागमा लेखिएका सम्पूर्ण कुराहरूमा एकरूपता हुनु आवश्यक ठानिन्छ ।

### ४.१.४.२ आकार

प्रश्नपत्रको आकार भनेको लामो, छोटो वा मध्यम रूप हो । प्रश्नपत्रको आकार यति हुनुपर्छ भन्ने सैद्धान्तिक मान्यता नभएपनि मध्यम खालको हुनु उपयुक्त ठानिन्छ । प्रश्नपत्र लामो वा छोटो हुनुमा परीक्षणीय विषयवस्तुका प्रकृति, उद्देश्य, प्रयोजन, समय आदिले प्रभाव पार्दछ । प्रश्नपत्र भद्दा र अति लामो तथा अति छोटो नभइ सुहाउँदो आकारमा हुनु उपयुक्त मानिन्छ ।

यसरी प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा मोरङ, भक्तपुर, बाँके र कैलालीका प्रश्नपत्रहरू उपयुक्त भए पनि तर कास्कीको प्रश्नपत्रलाई उपयुक्त मानिदैन । कास्कीले १७ वटा प्रश्न सङ्ख्यालाई चार वटा पृष्ठ सङ्ख्यामा अटाए पनि आकारगत दृष्टिले प्रश्नपत्र भद्दा एवम् अति छोटो बनेको छ । यसरी आकारगत दृष्टिले यस प्रश्नपत्रलाई उपयुक्त मानिँदैन ।

#### ४.१.४.३ प्रश्न सङ्ख्या

विशिष्टीकरण तालिकाले निर्देशन गरेका सीपहरू परीक्षण गर्न सक्ने खालका प्रश्नहरू प्रश्नपत्रमा राखिनु पर्दछ । यसरी परीक्षणका लागि प्रश्नहरू तयार गर्दा कति र कस्ता प्रश्न राख्ने भन्ने कुरामा विशेष ध्यान पुऱ्याउनु पर्छ । प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा विशिष्टीकरण तालिका अनुसार प्रश्नपत्र तयार भएको देखिन्छ । पाठ्यक्रम विकास केन्द्रका आधारमा तयार पारिएको प्रश्नपत्रहरूमा सामान्य भिन्नता देखिए पनि प्रश्न सङ्ख्यामा भने समानता पाइन्छ । यसरी हेर्दा प्रतिनिधि प्रश्नपत्रहरू उपयुक्त नै मानिन्छन् ।

#### ४.१.४.४ प्रश्न र पृष्ठ

कुनै पनि परीक्षणका लागि प्रश्न निर्माण गर्दा कस्तो प्रकृतिका र कति प्रश्नहरू निर्माण गर्ने भन्ने कुराको निर्णय प्रश्नपत्र निर्माण गर्नुपूर्व विशिष्टीकरण तालिकाले नै गरिसकेको हुन्छ । प्रश्नपत्रको निर्माण गर्दा एउटा प्रश्न एउटै पृष्ठमा राखिनु राम्रो मानिन्छ । प्रश्नको निर्देशन एउटा पृष्ठमा र प्रश्न अर्को पृष्ठमा राखिनु पनि उपयुक्त मानिँदैन । प्रश्नको निर्देशन र प्रश्न अलगअलग पृष्ठमा भए निर्देशन राम्ररी नबुझी विद्यार्थीहरू अन्योलमा पर्न सक्छन् र परीक्षणीय उद्देश्य नै अन्योलमा पर्न सक्छ । विद्यार्थीलाई अनावश्यक झन्झट र अलमलबाट बचाउन प्रश्न र पृष्ठका बीच तालमेल मिलाएर प्रश्न निर्माण गर्नुपर्दछ ।

यस आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा निम्नानुसारको अवस्था देखिन्छ :

मोरङ : प्र.नं. ९ को अनुच्छेद एउटा पृष्ठमा र प्रश्नहरू अर्को पृष्ठमा दिइएको छ ।

भक्तपुर : प्र.नं. ३ को अनुच्छेद पढी छोटो उत्तर दिनुपर्ने अनुच्छेद केही एउटा पृष्ठमा र केही अनुच्छेद अर्को पृष्ठमा दिइएको छ ।

कास्की : प्र.नं. ३ को अनुच्छेद एउटा पृष्ठमा र प्रश्नहरू अर्को पृष्ठमा दिइएको छ ।

बाँके : प्र.नं. ३ को अनुच्छेद एउटा पृष्ठमा र प्रश्नहरू अर्को पृष्ठमा दिइएको छ ।

कैलाली : प्रश्न र पृष्ठका बीच मिलान गरिएको पाइन्छ ।

उपर्युक्त आधारमा प्रश्नपत्रहरूको अध्ययन गर्दा बाँके बाहेकका जिल्लाका अनुच्छेदसम्बन्धी प्रश्नमा त्रुटि भएकोले यसमा सुधार गर्नुपर्ने अवस्था देखिन्छ र अन्य प्रश्न र पृष्ठका बीच तालमेल नै देखिन्छ। बाँकेको प्रश्नपत्रमा भने उपयुक्तता नै छ।

#### ४.१.४.५ कागज

प्रश्नपत्र निर्माण गर्न प्रयोग गरिने कागज दुवैतर्फ छपाइ गर्न सकिने, चिल्लो, सफा र गुणस्तरीय हुनु पर्दछ । यदि प्रश्नपत्रमै उत्तर लेख्नु परेमा प्रश्नपत्र नफुल्ने, नछापिने, बाक्लो, चिल्लो एवम् गुणस्तरीय हुनु उत्तम मानिन्छ । सादा र रङ्गीन दुवै प्रकारको कागज प्रश्नपत्रमा प्रयोग गर्न सकिन्छ।

उक्त आधारमा प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गर्दा भक्तपुर र कास्की बाहेक अन्य जिल्लाका प्रश्नपत्रहरू प्रतिलिपि भएकाले कागजको स्तरीयता बारे थाहा पाउन सकिएन । भक्तपुरको प्रश्नपत्रमा हल्का गुलाबी रङ्गको कागज प्रयोगमा ल्याइएको छ भने कास्कीको प्रश्नपत्रमा चम्किलो सेतो नभएर मैलो सेतो रङ्गको कागजको प्रयोग गरिएको पाइन्छ । कागजको स्तरीयतालाई हेर्दा दुवै जिल्लाका प्रश्नपत्रका कागजको स्तर कमसल प्रवृत्तिको भए पनि यसलाई खासै अनुपयुक्त भन्न मिल्दैन।

#### ४.१.४.६ छपाइ र सफाइ

प्रश्नपत्रको छपाइ गर्दा प्रश्नपत्रलाई दुवैतिर उपयोग गर्न सकिने, नफुल्ने कागजमा शुद्धसँग छाप्नुपर्छ । छपाइमा भद्दा पर्न, अशुद्धता, मसी लतपत तथा केरमेट भएमा विद्यार्थीलाई प्रश्न बुझ्न कठिन भइ उत्तर लेख्न समेत कठिन पर्दछ । त्यसकारण प्रश्नपत्र छपाइ र सफाइमा राम्रो हुनुपर्छ।

यसरी प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा भक्तपुर मोरङ र कैलालीका प्रश्नपत्रहरूमा त्रुटि पाइदैनन् तर बाँकेको प्रश्नपत्रमा भने शीर्ष भागमा नै जिल्ला स्तरीय निम्न माध्यमिक (आधारभूत तह) लेखेर केही भद्दापन देखिन्छ।

कास्की जिल्लाको प्रश्नपत्रको शीर्ष भागमा पनि जिल्ला स्तरीय परीक्षा-२०६७ सँगै District Level Examination– 2067 लेखेर गल्ती गरेको पाइन्छ । त्यस्तै गरी अन्य जिल्लाका प्रश्नपत्रमा सर्वनाम, पदयोग वियोग सम्बन्धी र चिन्ह प्रयोग सम्बन्धी त्रुटिहरूको उल्लेख (३.६) मा गरिएको पाइन्छ।

### ४.१.५ भाषा

प्रश्नपत्रको महत्त्वपूर्ण पक्षमध्ये भाषा पनि एउटा हो । प्रश्नपत्रमा प्रयोग भएको भाषा शुद्ध, स्पष्ट, सरल र विद्यार्थीको स्तरअनुकूल हुनु आवश्यक छ । प्रश्नपत्रको भाषा त्रुटिपूर्ण भएमा अर्थ समेत अलग लाग्न सक्ने र प्रश्न अस्पष्ट हुन गइ अपेक्षित उत्तर आउन पनि नसक्ने भएकाले भाषा शुद्ध, स्पष्ट र सरल हुनु जरुरी छ । प्रश्नको भाषा दोहोरो अर्थलाग्ने खालको भएमा यसको स्वरूपगत वैधताका साथै आन्तरिक वैधतासमेत खल्बलिन सक्छ । प्रश्नपत्रको भाषामा वर्णविन्यास, पदयोग र वियोग, चिन्ह प्रयोग र लोप, वर्ण वा अक्षर लोप, विभक्तिको प्रयोग र लोप, शासन र सङ्गति आदिसम्बन्धी त्रुटिहरू रहन सक्छन् । यहाँ यिनै त्रुटिसम्बन्धी प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन विश्लेषण गरिएको छ :

#### ४.१.५.१ वर्णविन्याससम्बन्धी त्रुटि

यस अन्तर्गत ह्रस्व दीर्घ, चन्द्रविन्दु, शिरबिन्दु, हलन्त अजन्त, ब-व, श, ष, स, य-ए, द्य,ध, रेफ-रकार, पञ्चम वर्ण विसर्गको प्रयोग आदिसम्बन्धी त्रुटिहरू पर्दछन् ।

उपर्युक्त आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा मोरङ, भक्तपुर, कास्की र कैलालीका प्रश्नपत्रहरूमा सामान्य प्रकृतिका त्रुटि मात्र देखिएकाले यिनीहरूलाई उपयुक्त मान्न सकिए पनि बाँके जिल्लाको प्रश्नपत्रमा भने अत्यधिक त्रुटि रहेको पाइन्छ । त्यसैले बाँके जिल्लाको प्रश्नपत्रमा वर्णविन्यासगत त्रुटिहरू केलाउने हो भने अत्यधिक भेटिन्छ । यसको मुख्य कारण छपाइको कमजोरी हुन सक्ने भएकाले यसलाई सामान्य रूपमा लिन सकिन्छ ।

#### ४.१.५.२ पदयोग र वियोगसम्बन्धी त्रुटि

एउटै डिकामा लेख्नु पर्ने शब्दलाई टुक्र्याएर र टुक्र्याएर लेख्नपर्ने शब्दलाई एउटै डिकामा लेख्दा हुने त्रुटिलाई पदयोग र पदवियोगसम्बन्धी त्रुटि भनिन्छ ।

यसरी प्रतिनिधि प्रश्नपत्रहरूको पदयोग र वियोगसम्बन्धी अध्ययन गर्दा मोरङ, भक्तपुर, कास्की, बाँके र कैलाली जिल्लाको प्रश्नपत्रहरूमा खासै त्रुटि पाइएको देखिँदैन । साथै यस्तो पदयोग र वियोगसम्बन्धी त्रुटि नभेटिनु पनि नेपाली भाषा विषयका सन्दर्भमा यसलाई पनि एउटा सबल पक्षका रूपमा लिन सकिन्छ ।

#### ४.१.५.३ चिन्ह प्रयोग सम्बन्धी त्रुटि

चिन्ह प्रयोग गर्ने ठाउँमा नगरिनु र एउटा चिन्हको प्रयोग गर्ने ठाउँमा अर्को चिन्हको प्रयोग गर्नुलाई चिन्ह प्रयोग सम्बन्धी त्रुटि भनिन्छ । यसभित्र पूर्णविराम, अल्पविराम, अर्धविराम, प्रश्नचिन्ह, योजक चिन्ह, निर्देशन चिन्ह, उद्‌गार चिन्ह, उद्धरण चिन्ह आदि पर्दछन् । चिन्ह प्रयोगको कारणले प्रश्नको अर्थमा समेत अनर्थ लाग्ने हुनाले यसप्रति सचेत रहनुपर्ने हुन्छ । चिन्हको सही प्रयोग भए नभएको अध्ययन यस अन्तर्गत गरिन्छ ।

यस आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको विश्लेषण गर्दा मोरङ, भक्तपुर, कास्की, बाँके र कैलाली जिल्लाका प्रश्नपत्रहरूमा खासै त्रुटिहरू नपाइएकाले चिन्ह प्रयोग गर्दा सचेतता अपनाइएको पाइन्छ । त्यसैले प्रश्नपत्रमा चिन्ह प्रयोग गर्दा सचेतता अपनाइएको पाइन्छ । त्यसैले प्रश्नपत्रमा चिन्ह प्रयोग गर्दा सचेतता अपनाउनुका साथै छपाइमा पनि कमजोरी नपाइएकाले चिन्ह प्रयोग सम्बन्धी उपयुक्त नै मान्न सकिन्छ ।

#### ४.१.५.४ वर्ण वा अक्षर लोपसम्बन्धी त्रुटि

प्रश्नपत्रमा कुनै वर्ण वा अक्षर हटाउनु वा लोप हुनुलाई वर्ण वा अक्षर लोपसम्बन्धी त्रुटि भनिन्छ । यस्ता त्रुटिहरूले प्रश्नपत्रको भाषिक पक्षमा प्रभाव पार्ने भएकाले यस्ता त्रुटि हुन नदिन सम्बन्धित पक्षले सचेतता अपनाउनु पर्छ ।

यसका आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्ने क्रममा मोरङ, भक्तपुर, कास्की, बाँके र कैलाली जिल्लाका प्रश्नपत्रहरू उपयुक्त नै छन् । यस्ता कम त्रुटिहरू पाइएकाले सामान्य रूपमा यस आधारमा प्रश्नपत्रलाई उपयुक्त नै मान्न सकिन्छ ।

## ४.२ आन्तरिक आधारमा प्रश्नपत्रको अध्ययन

आन्तरिक आधारमा प्रश्नपत्रको तुलनात्मक अध्ययन विश्लेषण प्रश्नहरूको स्तरीयता, वैधता, विश्वसनीयता, उद्देश्यपूर्णता आदिको निर्धारण प्रश्नपत्रको आन्तरिक स्वरूपले गर्ने हुँदा यसलाई प्रश्नपत्रको महत्त्वपूर्ण तत्व मानिन्छ । असल प्रश्नपत्र निर्माण गर्ने क्रममा प्रश्नपत्रका बाह्य आधारहरूको जति महत्त्व छ । त्यो भन्दा बढी महत्त्व आन्तरिक आधारको छ । प्रश्नपत्रको आन्तरिक पक्षले प्रश्नहरूको वास्तविक गुण र स्तर निर्धारण गर्नमा महत्त्वपूर्ण भूमिका खेल्दछ । प्रश्नपत्रको उद्देश्यपरकता, प्रभावकारिता,

स्तरयुक्तता, भाषिक सीप आदि जस्ता पक्षको लेखाजोखा गर्ने प्रश्नपत्रको आन्तरिक आधार अन्तर्गत निम्न बुँदाहरूमा केन्द्रित रही प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्न निम्न आधारहरूलाई मुख्य मानिएको छ :

(क) पाठ्यक्रम अनुरूपता

(ख) भाषिक पक्षहरूको संयोजन र सन्तुलन

(ग) प्रश्नमा हुनुपर्ने गुणहरू

(घ) भाषा

(ङ) प्रश्नका अन्य पक्षहरू

### ४.२.१ पाठ्यक्रम अनुरूपता

परीक्षणका निम्ति उपयोगमा ल्याइने प्रश्नपत्रहरूले पाठ्यक्रमको समग्रतालाई प्रतिनिधित्व गर्न सक्नुपर्दछ । भाषा विषयका प्रश्नपत्रहरू परीक्षणीय दृष्टिले प्रतिनिधिमूलक हुनुपर्दछ । परीक्षणका लागि निर्मित प्रश्नपत्रले पाठ्यक्रमको भावना र मर्मलाई आत्मसाथ गर्न नसके यस्ता प्रश्नपत्रबाट गरिने परीक्षण नै दोषपूर्ण हुन गई शिक्षणको सार्थकता माथि नै प्रश्नचिन्ह लाग्न सक्छ र सम्पूर्ण शैक्षिक प्रक्रिया नै अन्योलमा पर्न सक्छ । पाठ्यक्रम अनुरूपताका आधारमा प्रश्नहरूको विश्लेषण गर्दा पाठ्यक्रमका विधा वा विषयवस्तुको उद्देश्य र प्रश्न, विषयवस्तुको सीमाक्षेत्र र प्रश्न, विधाको अङ्कभार र प्रश्न सन्तुलन, विधागत समय र प्रश्न सापेक्षता आदिअनुसार प्रतिनिधि प्रश्नहरूको विश्लेषण गर्ने प्रयास यस शीर्षकभित्र गरिएको छ :

#### ४.२.१.१ विधा वा विषयवस्तुको उद्देश्य र प्रश्न

निम्न माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ ले नेपाली विषयमा कथा, कविता, जीवनी, निबन्ध, रूपक, चिठी, दैनिकी, व्याकरण र शब्दभण्डार जस्ता विधाहरू समावेश गरेको छ । पाठ्यक्रममा नेपाली विषयका लागि कूल १०० पूर्णाङ्क, प्रतिहप्ता पाठ्यभार ५ र वार्षिक पाठ्यभार १५० तोकिएको छ (नि.मा.वि. तहको पाठ्यक्रम, २०६४ : ११) । पाठ्यक्रममा उल्लिखित कथा, जीवनी र कविता विधाको प्रयोजन पढाइ सीपको अभिवृद्धि गर्नु हो भने निबन्ध विधाको मूल प्रयोजन लेखाई सीपको विकास गर्नु भए पनि आंशिक रूपमा पढाइ सीपको विकासमा सहयोग पुऱ्याउनु पनि हो । लेखाइ सीपको अभिवृद्धि गर्न पाठ्यक्रमका चिठी, दैनिकी जस्ता विधाहरू समाविष्ट छन् । संवाद, वादविवाद, मनोवाद,

एकाङ्कीजस्ता विधाहरूको उद्देश्य सुनाइ र बोलाइ सीपको विकास गर्नु रहे पनि मूल्याङ्कनीय दृष्टिकोणले यी विधाहरूको समावेश लेखाइ पढाइ सीपको साथै शब्दभण्डार र व्याकरणात्मक धारणाको अभिवृद्धि गरी शुद्ध प्रयोग गर्न सक्ने क्षमताको विकास गर्नु रहेको देखिन्छ ।

उपर्युक्त आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा पढाइ सीप परीक्षण गर्न पाठगत प्रश्नहरू र बोध प्रश्नहरू समावेश गरिएका छन् । त्यसैगरी लेखाइ सीपको परीक्षणका लागि निबन्ध, चिठी, निवेदन, वादविवाद, संवाद आदि रचनासम्बन्धी प्रश्नहरू समावेश गरिएका छन् । प्रतिनिधि प्रश्नपत्रमा समाविष्ट विवेचनात्मक प्रश्न, व्याख्यात्मक प्रश्न, संक्षिप्त उत्तरात्मक प्रश्न र सारांश लेखनसम्बन्धी प्रश्नले पढाइ र लेखाइ दुवै सीप परीक्षण गर्न सहयोग पुऱ्याएका छन् । यसका साथै भाषिक सबलता परीक्षण गर्नु व्याकरणात्मक प्रश्न शब्दभण्डारगत प्रश्न, शुद्धीकरण गर्न जस्ता प्रश्नहरू समावेश गरिएका छन् । यसरी प्रतिनिधि प्रश्नपत्रहरूलाई हेर्दा सबै जिल्लाका प्रश्नपत्रहरू विशिष्टीकरण तालिका अनुरूपको नमुना प्रश्नपत्र बमोजिम निर्मित भए पनि मोरङ जिल्लाको प्रश्नपत्रमा भने केही भिन्नता रहेको देखिन्छ । यस जिल्लाको प्रश्नपत्रमा सङ्क्षिप्त उत्तर दिनुपर्ने प्रश्नको साटो वाक्यमा प्रयोग गर्नु पर्ने जस्ता प्रश्न समावेश गरेको छ । त्यस्तै विवेचनात्मक उत्तरको प्रश्नका लागि शब्दको अर्थ लेख भनि निर्देशित गरेको र जुन नमुना प्रश्नपत्रभन्दा फरक छन् ।

उक्त प्रतिनिधि प्रश्नपत्रहरूको विश्लेषण गर्दा विधा वा विषयवस्तुको उद्देश्य र प्रश्नहरू पाठ्यक्रम अनुरूप देखिन्छन् । सुनाइ बोलाइ, उच्चारण वाचन जस्ता सीपहरूको प्रयोगात्मक परीक्षणको व्यवस्था नभएकाले भाषिक सीपहरूको उचित व्यवस्था हुन सकेको छैन । अन्त्यमा भन्दा पाठ्यक्रमले तोकेअनुसारका विधाका आधारमा विशिष्टीकरण तालिका अनुसार प्रतिनिधि प्रश्नपत्रहरू तयार भएका देखिन्छन् ।

### ४.२.१.२ **विषयवस्तुको सीमाक्षेत्र र प्रश्न**

प्रश्न निर्माण गर्ने क्रममा जहिले पनि पाठ्यक्रमले निर्देश गरेको सीमा क्षेत्रमा रहेर प्रश्न निर्माण गर्नु राम्रो मानिन्छ । पाठ्यक्रमको अपेक्षा विपरीत रहेर न्युन र उच्च कुनै पनि स्तरका प्रश्न दोषपूर्ण हुने हुनाले विषयवस्तुको सीमाक्षेत्रको आधारमा प्रश्न निर्माण गरिनु पर्दछ । वर्तमान माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ ले नेपाली विषयका लागि

कथा, कविता, जीवनी, निबन्ध, रूपक, चिठी, व्याकरण र शब्दभण्डार गरी जम्मा ८ वटा विधाको निर्धारण गरेको छ । यी सबै विद्याहरूलाई विभिन्न क्षेत्रहरूमा वर्गीकरण गरी पाठ्यक्रमले सीमासमेत निर्धारण गरेको छ ।

प्रस्तुत आधारमा प्रतिनिधि प्रश्नहरूको अध्ययन विश्लेषण गर्दा प्रश्नहरू उपयुक्त छन् । कुनै पनि जिल्लाका प्रश्नपत्रहरूले पाठ्यक्रमले तोकेको विषयवस्तुको सीमा उल्लङ्घन गरेका छैनन् । यस आधारमा प्रतिनिधि प्रश्नपत्रहरू पूर्ण रूपमा दोषरहित देखिन्छन् ।

### ४.२.१.३ विधाको अङ्कभार र प्रश्न सन्तुलन

कुनै पनि प्रश्नपत्रमा रहेका प्रश्नहरूले पाठ्यक्रममा तोकिएको अङ्कभारलाई अवलम्बन गरी प्रश्नसँग सन्तुलन कायम गराउनु पर्दछ । माध्यमिक शिक्षा पाठ्यक्रमले विधाअनुसार तय गरेको अङ्कभारलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ६**

**विधाको अङ्कभार र प्रश्न सन्तुलन**

| क.सं. | क्षेत्र पढाइ र लेखाइ | विधा परीक्षणीय पक्ष | प्रश्न सङ्ख्या, अङ्कभार र समय | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ज्ञान | बोध | व्यावहारिक सीप | उच्च दक्षता | जम्मा प्रश्न सङ्ख्या | उत्तर दिनुपर्ने सङ्ख्या |
| १ | शब्दभण्डार | अर्थलेखन | १ | | | | १ | १ |
| | | शब्द पहिचान | १ | | | | १ | १ |
| | | वाक्यमा प्रयोग | | | १ | | १ | १ |
| २ | हिज्जे (वर्ण विन्यास) र लेख्य चिह्न) | शुद्धीकरण | | | १ | | १ | १ |
| | | | | | १ | | १ | १ |
| ३ | व्याकरण | शब्दवर्ग | | | १ | | १ | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | कारक र विभक्ति | | | १ | | १ | १ |
| | | काल, पक्ष र भाव | | | १ | | १ | १ |
| | | वाक्य परिवर्तन | | | १ | | १ | १ |
| | | वाक्य रचना ( वर्णन) | | | १ | | १ | १ |
| ४ | बोध (दृष्टान्त) | बोध प्रश्नोत्तर | | १ | | | १ | १ |
| ५ | बुँदा टिपोट र सारांश ( दृष्टांश) | बुँदाटिपोट र सारांश लेखन | | | | १ | १ | १ |
| ६ | निर्देशित रचना | कथा/जीवनी वादविवाद/संवाद / चिठी लेखन | | | | २ | १ | १ |
| ७ | भाव विस्तार/व्याख्या | कथा, कविता, निबन्ध, प्रबन्ध, जीवनी | | | | २ | २ | १ |
| ८ | पाठगत प्रश्नोत्तर ( सङ्क्षिप्त उत्तरात्मक) | कथा, कविता, निबन्ध, प्रबन्ध, जीवनी | १ | १ | | १ | ३ | २ |
| | | तार्किक शिल्प/समस्या समाधान | | | | १ | १ | १ |
| ९ | विवेचना | कथा, निबन्ध/प्रबन्ध, जीवनी | | | | २ | २ | १ |
| १०. | स्वतन्त्र रचना | निबन्ध | | | | १ | १ | १ |
| | | जम्मा | ३ | २ | ८ | १० | २३ | १९ |

(विशिष्टीकरण तालिका, २०७४)

उक्त आधारमा प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा मोरङ, भक्तपुर, कास्की, बाँके र कैलाली जिल्लाका प्रश्नपत्रहरू उपयुक्त नै रहेका पाइन्छ । त्यसै अनुसार प्रश्नपत्र निर्मित छन् । त्यसो हुँदा यसलाई विधाअनुसारको प्रश्न र अङ्कभार नमिलेको भन्नु उपयुक्त देखिँदैन । सबै प्रश्नपत्रहरू विशिष्टीकरण तालिका अनुरूप विधाको अङ्क भार र प्रश्नको सन्तुलन मिलेको देखिन्छ ।

### ४.२.१.४ विधागत समय र प्रश्न सापेक्षता

नेपाली विषयको वर्तमान माध्यमिक पाठ्यक्रमलाई हेर्दा विधागत आधारमा अङ्क विभाजन गरे तापनि विधाअनुसार समयको किटान गरेको पाइँदैन । पाठ्यपुस्तक शिक्षणका लागि मात्र पाठ्यभार छुट्याइएकाले विधागत समय भने तोकिएको छैन ।

यस आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा प्रत्येक प्रश्न तथा उपप्रश्नका लागि अङ्क निर्धारण गरिएको जस्तो समय निर्धारण गरिएको छैन । प्रश्नको अङ्कभार र निर्देशनका आधारमा विद्यार्थी स्वयम्ले नै समयको सन्तुलन मिलाउनु पर्ने देखिन्छ । प्रश्नको अङ्कभार अनुसार नै प्रतिनिधि प्रश्नपत्रमा विद्यार्थीलाई निर्देशन दिइएको देखिन्छ । विवेचना गर्न, निबन्ध लेख्ने जस्ता प्रश्नलाई १० अङ्क छुट्याइएबाट र संक्षिप्त उत्तर लेख्ने प्रश्न, व्याख्या गर्ने प्रश्नलाई ५ अङ्क छुट्याइएबाट विद्यार्थी आफैले समयको ख्याल गर्नुपर्ने पाइन्छ । प्रतिनिधि प्रश्नपत्रहरूको निर्माण भने परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरले प्रकाशित गरेको विशिष्टीकरण तालिका अनुसार प्रश्नपत्र निर्मित भएका हुँदा विधागत समय र प्रश्न सापेक्षता मिलेको भन्न सकिन्छ ।

### ४.२.२ भाषिक पक्षहरूको संयोजन र सन्तुलन

भाषिक पक्षहरू सीपसँग सम्बन्धित हुन्छन् । भाषिक सीप भन्नाले सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीप शब्दभण्डार क्षमता तथा व्याकरणिक ज्ञान र प्रयोगसम्बन्धी क्षमताहरू पर्दछन् । निम्न माध्यमिक तहको नेपाली पाठ्यक्रमले सुनाइ र बोलाइ सीपको परीक्षण कक्षागत सिकाइका अङ्गका रूपमा लिइएको छ । भाषिक पक्षको संयोजन र सन्तुलनका हिसावले प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन निम्नानुसार गरिएको छ :

### ४.२.२.१ पढाइ सीप परीक्षण

नि.मा.वि. तहको पाठ्यक्रमले पढाइ सीप विकासका लागि कथा, जीवनी र कविता विधालाई मुख्य रूपमा समावेश गरे पनि आंशिक रूपमा निबन्ध विधालाई पनि पढाइ सीप विकासका लागि समावेश गर्न सकिन्छ । पढाइ सीप परीक्षणका आधारमा प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा सङ्क्षिप्त उत्तरात्मक प्रश्न २०, विवेचनात्मक प्रश्न १०, पठनबोध प्रश्न ५, सप्रसङ्ग व्याख्या ५, भाव व्यक्त गर्न प्रश्न ५ गरी जम्मा ४५ अङ्क पढाइ सीपको परीक्षणका लागि छुट्याइएको पाइन्छ । पढाइ सीप परीक्षणका लागि छुट्याएको ४५ प्रतिशत अङ्क प्रतिनिधि प्रश्नहरू सबैमा बराबर भएकाले यसलाई उपयुक्त मान्न सकिन्छ । यो विभाजन विशिष्टीकरण तालिकाअनुसार देखिन्छ साथै प्रतिनिधि प्रश्नपत्रहरूमा एकरूपता पनि देखिएको हुँदा यसलाई नराम्रो भन्न मिल्दैन ।

### ४.२.२.२ लेखाइ सीप परीक्षण

वर्तमान निम्न माध्यमिक तहको पाठ्यक्रमले लेखाइ सीपको विकासका लागि मुख्य रूपमा निबन्ध/प्रबन्ध, चिठी, रूपक आदि विधालाई समावेश गरेको पाइन्छ । लेखाइ सीपसँग सम्बन्धित कतिपय विधाहरूको अंशत पढाइ तथा सुनाइ, बोलाइ सीपको समेत विकास गराउने उद्देश्य राखेको पाइन्छ । तर सुनाइ र बोलाइ सीपको परीक्षण कक्षा शिक्षणमा नै सीमित रहन्छ ।

यसरी प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा निबन्ध लेखनका लागि १० अङ्क, कथा लेखनका लागि ५ अङ्क, रूपक विधा/चिठी लेखनका लागि ५ अङ्क र सारांशका लागि ५ अङ्क गरी जम्मा २५ अङ्क छुट्याइएको पाइन्छ । यसरी लेखाइ सीपका लागि छुट्याइएको अङ्क पाठ्यक्रमले तोकेबमोजिम २५ प्रतिशत भएकाले यस आधारमा पनि विशिष्टीकरण तालिका अनुसार सबै प्रश्नपत्रहरू उपयुक्त नै छन् भन्न सकिन्छ ।

### ४.२.२.३ शब्दभण्डार क्षमता र परीक्षण

निम्न माध्यमिक तहको नेपाली पाठ्यक्रमले शब्दभण्डार क्षमता परीक्षणका लागि पर्यायवाची शब्द, अनेकार्थी शब्द, अनुकरणात्मक शब्द, विपरितार्थी शब्द, श्रुतिसमभिन्नार्थी शब्द, परिभाषिक/प्राविधिक शब्द तथा उखान टुक्कालाई समावेश गरेको छ । यो व्यवस्था पाठ्यक्रमले गरेको हो र यसका लागि पाठ्यक्रमले १० प्रतिशत अङ्क

छुट्याइएको छ । त्यसैले सबै जिल्लाका प्रश्नपत्रहरू भने पाठ्यक्रमले निर्धारण गरेको अङ्कलाई आत्मसात गरी निर्माण गरिएका पाइन्छन् ।

### ४.२.२.४ व्याकरणात्मक सीप परीक्षण

यस तहमा व्याकरण शिक्षण गर्नु भनेको बालबालिकाहरूलाई भाषाको शुद्ध प्रयोग प्रति अभिप्रेरित गर्नु हो । यो भाषाको नियम भएकाले भाषालाई समृद्ध बनाउन यसको महत्त्वपूर्ण भूमिका रहने कुरामा द्विमत हुन सक्दैन । त्यसैले भाषा परीक्षणको महत्त्वपूर्ण पक्ष व्याकरण भएकाले भाषाका सीपसँग सम्बद्ध गरेर यसको परीक्षण गरिनु पर्दछ । व्याकरण अन्तर्गत शब्दवर्ग, काल,पक्ष, भाव, कारक, विभक्ति, वर्णविन्यास, लेख्य चिन्ह आदि पर्दछन् । व्याकरणका लागि पाठ्यक्रमले २० प्रतिशत अङ्क छुट्याइएको पाइन्छ ।

यस आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा सबै जिल्लाले पाठ्यक्रमले तोके बमोजिम २० प्रतिशत अङ्क नै छुट्याइएको पाइन्छ । त्यसैले यस आधारमा प्रश्नपत्रहरू पाठ्यक्रम तथा विशिष्टीकरण तालिका अनुरूप रहेका पाइन्छन् ।

### ४.२.३ प्रश्नमा हुनुपर्ने गुण

प्रश्नमा हुनुपर्ने गुणहरू अन्तर्गत वैधता, विश्वसनीयता, विभेदकारिता तथा व्यवहारिकता पर्दछन् । प्रश्नपत्र स्तरीय हुनका लागि माथि उल्लिखित गुणले युक्त प्रश्नहरू हुनु आवश्यक हुन्छ । प्रश्नपत्रको आन्तरिक पक्ष सबल तथा दुर्बल हुनुमा यिनै गुणहरूले भूमिका खेलेको हुन्छ । प्रश्नमा हुनुपर्ने गुणहरूको समायोजन उचित तवरले हुन सकेमा मात्र प्रश्नपत्रको गुणस्तरमा वृद्धि हुन्छ । यहाँ यिनै गुणहरूका आधारमा प्रतिनिधि प्रश्नहरूको अध्ययन विश्लेषण गरिएको छ :

### ४.२.३.१ विश्वसनीयता

विश्वसनीयता मापनको साधनको त्यो गुण हो जसलाई परीक्षार्थीहरूमा विकास भएको ज्ञान, सीप, अभिवृद्धि जस्ता पक्षहरूको मापन गर्न पटकपटक प्रयोग गर्दा नतिजामा एकरूपता देखा पर्दछ । यसरी परीक्षणका साधनमा त्यो गुण हुनुपर्छ जसले समान व्यवहारको मापन फरक फरक समयमा गर्दा समान नतिजा देखाउँछ अथवा नतिजा वा अङ्कनको एकरूपता र स्थिरता जस्ता मापनको साधनको गुणलाई विश्वसनीयता भनिन्छ (पराजुली र अन्य, २०६५ : १५०) । त्यस्तै मापनद्वारा प्राप्त

जानकारीको स्थिरता भर पर्न सक्ने गुण, एकरूपता, भविष्यवाणी गर्न सक्ने क्षमता र शुद्धताबारे जानकारी दिन्छ । कुनै एउटा परीक्षणलाई विभिन्न व्यक्तिबाट वा एकै व्यक्तिबाट पटक पटक लिँदा पनि प्राप्ताङ्कमा समानता देखिएमा त्यस्तो परीक्षण विश्वसनीय हुन्छ । विश्वसनीयताले मापनमा हुने एकरूपतालाई जनाउने गर्छ । प्रश्नमा विश्वसनीयताको कमी भए सही परीक्षण हुन सक्दैन र परीक्षणको उद्देश्य पूरा हुन सक्दैन त्यसैले विश्वसनीयता प्रश्नपत्रको अनिवार्य सर्त हो । विषयगत प्रश्नको सापेक्षतामा वस्तुगत प्रश्नमा विश्वसनीयता बढी हुन्छ । किनभने विषयगत प्रश्नमा अत्यधिक विकल्प हुने, सुराक दिने प्रश्न हुने, पुच्छ्रे प्रश्न हुने, कण्ठाग्र गरी लेख्ने प्रश्न हुने, अनावश्यक गफ लेख्न सकिने, प्रश्नको निश्चित आयतन नहुने आदि कारणले गर्दा शिक्षकको अवस्था, भावना, पूर्वाग्रह आदि समेतले प्रभाव पार्न सक्छ र विश्वसनीयता कम हुन्छ । परीक्षण पुनः परीक्षण विधि, समानान्तर प्रारूप विधि, आन्तरिक एकरूपता विधिजस्ता विधिहरूको प्रयोग गरेर विश्वसनीयता बढाउन सकिन्छ ।

उक्त आधारमा प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा सानातिना केही कमजोरीहरू देखिन्छन् । भक्तपुर, कास्की, बाँके र कैलाली ४ वटा विकास क्षेत्रका प्रश्नपत्रमा प्र.नं. १ मा संक्षिप्त प्रश्नको उत्तर दिनुहोस् भनिएको छ भने मोरङ जिल्लाको प्रश्नपत्रमा भने प्र.नं. १ मा अर्थ खुल्ने गर वाक्यमा प्रयोग गर भनिएको छ । यसरी मोरङको प्रश्नपत्र विशिष्टीकरण तालिका अनुरूप भएपनि अन्य जिल्लाका तुलनामा प्रश्नपत्रमा एकरूपता भएन जसले गर्दा विद्यार्थीहरूमा अन्योलताको स्थिति देखिन्छ । यसरी प्रश्नपत्र निर्माणका दृष्टिले पनि सबै जिल्लाका प्रश्नपत्रहरूमा समानता, एकरूपता भइदिदाँ राम्रो मानिन्छ ।

#### ४.२.३.२ **वैधता**

विद्यार्थीहरूमा विकास भएको जुन ज्ञान, सीप, अभिवृद्धि र व्यवहारहरू मापन गर्ने उद्देश्य राखी मापनको साधन (प्रश्नपत्र) को निर्माण गरिन्छ, मापनको साधनले उद्देश्यअनुसारकै विद्यार्थीको ज्ञान, सीप, अभिवृद्धि र व्यवहारलाई मापन गर्दछ भने मापनको साधनको त्यस किसिमको गुणलाई वैधता भनिन्छ (पराजुली र अन्य, २०६५ : १६४) । वैधता कुनै पनि जाँचको साधनमा हुनुपर्ने अत्यावश्यक गुण हो । वैधता प्रश्नमा हुनुपर्ने त्यो गुण हो, जसले प्रश्नको औचित्यलाई प्रष्ट पार्दछ । वैधता जाँचको साधनमा पाइने त्यो गुण हो जसको आधारमा कुनै परीक्षणले ती गुणहरू नै परीक्षण गरेको

सुनिश्चित गरिन्छ (ज.ब.रा. र अन्य, २०६४ : १८८) ।वैधताले मापनका साधनले उद्देश्यअनुसार मापन गर्न सके नसकेको लेखाजोखा गर्दछ । परीक्षणीय साधन विश्वसनीय भए पनि त्यो साधन वैध नहुन सक्छ । त्यसैले वैधता प्रश्नपत्रको अनिवार्य गुण हो । वैधता नभएका साधनको प्रयोगबाट गरिएको परीक्षण उपलब्धिमूलक हुन नसक्ने भएकाले वैधता भएका साधन निर्माण गरिनुपर्छ । परीक्षाको लम्बाइ, भाषा निर्देशन, विषयवस्तुको समेटाइ, प्रश्नको कठिनाइस्तर, सामाजिक र सांस्कृतिक भिन्नता आदिले वैधतामा प्रभाव पार्दछन् । त्यस कारण प्रश्नका निर्माण गर्दा विशेष सचेतता अपनाउनु पर्छ । विषयगत वैधता, रचनात्मक वैधता, अनुमानात्मक वैधता र समवर्ती वैधता गरी वैधतालाई चार भागमा विभाजन गरिएको छ ।

**(क) विषयगत वैधता**

कुनै पनि परीक्षणमा समावेश गरिएका प्रश्नहरूले सम्पूर्ण विषयवस्तुको प्रतिनिधित्व गर्दछन् भने त्यस्तो जाँचमा विषयगत वैधता रहेको मानिन्छ (ज.ब.रा. र अन्य, २०६४ : १९०) । पाठ्यक्रमबाट परीक्षणको सहसम्बन्ध स्थापित गरी वैधता पत्ता लगाइन्छ भने त्यस्तो वैधतालाई विषयगत वैधता भनिन्छ अर्थात् जब कुनै परीक्षणले कुनै पाठ्यवस्तुको वा पाठ्यक्रमको उद्देश्यलाई पूरा गर्दछ भने त्यसलाई विषयगत वैधता भनिन्छ । विषयगत वैधताका लागि विद्यार्थीको स्तर अनुकूलका प्रश्न, शुद्ध भाषा र सरल भाषा, स्पष्ट निर्देशन, सम्पूर्ण पाठ्यक्रमलाई ओगट्न सक्ने प्रश्न, पाठ्यांश र अङ्कभारको समान अनुपात प्रश्नको अनुक्रम र चाहेको परिवर्तनलाई मापन गर्न सक्ने खालका परीक्षण प्रश्न निर्माणमा ध्यान पुऱ्याउनुपर्छ ।

माथि उल्लिखित आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा सबै प्रश्नपत्रहरू परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरले प्रकाशन गरेको विशिष्टीकरण तालिका र नमुना प्रश्नपत्र अनुरूप नै देखिन्छ । नि.मा.वि. तहको पाठ्यक्रम (२०६४) ले भाषाका चारैवटा सीपको परीक्षण गर्ने उद्देश्य लिएको र खास गरेर पढाइ र लेखाइलाई बढी जोड दिएको देखिन्छ । सुनाइ र बोलाइ सीपको परीक्षण कक्षा शिक्षणका क्रममा शिक्षकले निर्माणात्मक मूल्याङ्कनका रूपमा लिनेछन् भनेर पाठ्यक्रममा नै स्पष्ट निर्देशन भएकाले सुनाइ, बोलाइ सीपको परीक्षणका लागि निर्णयात्मक मूल्याङ्कनमा ठाउँ दिएको छैन । यसलाई पाठ्यक्रमकै कमजोरीका रूपमा लिन सकिन्छ । प्रतिनिधि प्रश्नपत्रहरूले पढाइ र

लेखाइ सीपका लागि पाठ्यक्रमले तोकेबमोजिम पर्याप्त सामग्रीहरू समेटेको पाइन्छ । त्यसैगरी व्याकरणात्मक र शब्दभण्डार क्षमताको विकासका लागि पनि पाठ्यक्रमले तोके अनुसारका विषयवस्तु समावेश गरी प्रश्ननिर्माण गरिएको देखिन्छ । पाठ्यक्रम र विशिष्टीकरण तालिकाले निर्देश गरेका विषयवस्तुलाई प्रश्नपत्रले समेटेको हुँदा प्रश्नपत्रमा विषयगत वैधता रहेको पाइन्छ ।

**(ख) रचनात्मक वैधता**

परीक्षणीय प्रश्नले सम्बन्धित विषयको ज्ञान र प्रयोग दक्षताको परीक्षण गर्नुका साथै अन्तर्निहित भावना एवम् प्रस्तुतिगत अभिक्षमताको पनि परीक्षण गर्न सक्नुपर्दछ । विद्यार्थीको अन्तरमनसँग सम्बद्ध तार्किक, सांवेगिक, बौद्धिक, मौलिक एवम् सिर्जनात्मक कुशलताको जाँच गर्न सक्ने प्रश्नहरू नै रचनात्मक वैधतायुक्त मानिन्छन् । प्रश्नपत्रले केवल कण्ठाग्र गर्ने, चोरी गर्ने वा नक्कल गर्ने प्रवृत्तिका प्रश्नमार्फत दिइएको जवाफका आधारमा परीक्षण सम्भव नहुने भएकाले विद्यार्थीको तार्किक क्षमता, बौद्धिकता तथा मौलिक एवम् सिर्जनात्मक परीक्षण जस्ता प्रश्नहरूमार्फत लिइएको परीक्षणले मात्र रचनात्मक वैधता प्राप्त गर्दछ र सोही परीक्षणले मात्र विद्यार्थीहरूमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन हुने भएकाले भविष्यका लागि समेत योजना बनाउन सहयोगी सावित हुन्छ ।

यस आधारमा प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा रचनात्मक वैधताको परीक्षण गर्न सबै विकास क्षेत्रका प्रश्नपत्रमा स्वतन्त्र र निर्देशन गरी दुई प्रकृतिका प्रश्नहरू समावेश गरिएका छन् । स्वतन्त्र रचनातर्फ निबन्ध, चिठी, वादविवाद, मनोवाद र संवाद लेखसम्बन्धी प्रश्नहरू सोधिएका छन् भने निर्देशित रचनातर्फ कथा लेखन गर्ने प्रश्नहरू रहेका छन् । उपयुक्त प्रश्नहरूका आधारमा रचनात्मक वैधताको परीक्षणका हिसावले सबै प्रश्नपत्रहरूलाई राम्रो मान्न सकिन्छ ।

**(ग) अनुमानात्मक वैधता**

जब कुनै परीक्षणको प्राप्ताङ्कका आधारमा भविष्यका कुराहरूलाई पूर्वानुमान वा भविष्यवाणी गर्न सकिन्छ भने त्यस्तो परीक्षणलाई वैधता भएको परीक्षण भनिन्छ । त्यसैले परीक्षणबाट प्राप्त प्राप्ताङ्कले भविष्यका लागि अनुमान गर्न सहयोग पुऱ्याउनुले

अनुमानात्मक वैधता जनाउँछ । प्रत्येक जाँचको प्राप्ताङ्क व्यक्ति विशेषको सम्बन्धित क्षेत्रमा भविष्यको सफलता वा असफलताबारे जानकारी वा अड्कल गर्न सक्ने गुण नै अनुमानात्मक वैधता हो । कुनै पनि परीक्षार्थीद्वारा क्षमता प्रदर्शन भएर पनि उसको भविष्यबारे कुनै न कुनै अनुमान गर्न सकिँदैन भने त्यस्ता प्रकृतिका प्रश्न अनुमानात्मक वैधताका दृष्टिले अवैध मानिन्छन् । अनुमानात्मक वैधतामा समस्या उत्पन्न गर्ने कारक तत्वका रूपमा कण्ठस्थीकरण र अनुमानीकरणलाई लिने गरिन्छ । यी दुवैले अनुमानात्मक वैधतालाई कमजोर पार्ने काम गर्छन् । तसर्थ विद्यार्थीले अनुमान गरी उत्तर दिन सक्ने कण्ठाग्र गरी उत्तर दिन सक्ने, प्रश्न तथा पाठ्यपुस्तकबाट हुबहु सारेर प्रश्नहरूको निर्माण गरिनु हुँदैन । यदि त्यसो भएमा चोरी गर्न सक्ने, कण्ठस्थीकरण गरी उत्तर दिन सक्ने भई विद्यार्थीले दिएको उत्तरबाट उसको भविष्यबारे अनुमान गर्न कठिन पर्छ ।

उक्त आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा केही प्रश्नहरू पाठ्यपुस्तकबाट हुबहु सारिएका भए तापनि समग्रमा प्रश्नपत्रहरू रचनात्मक वैधतामा बाधा नै पर्ने खालका भने छैनन् भन्न सकिन्छ ।

**(घ) समवर्ती वैधता**

वर्तमान अवस्थामै एक परीक्षण र अर्को परीक्षणको बीचको सम्बन्धका आधारमा वैधता जाँच्नुलाई समवर्ती वैधता भनिन्छ (शर्मा एण्ड शर्मा, २०६१ : २२३) । यदि अहिले गरेको परीक्षण र पछि गरेको दुवै परीक्षण मार्फत प्राप्त नतिजामा निकटवर्ती समानता भयो भने त्यस्तो प्रश्नपत्रमा समवर्ती वैधता हुन्छ । सैद्धान्तिक रूपमा समवर्ती वैधताको सामान्य चर्चा गरिए पनि प्रस्तुत शोधकार्यमा सङ्कलित प्रतिनिधि प्रश्नहरूको परीक्षण नतिजा र पूर्वपरीक्षण नतिजासमेत नभएको कारणले प्रतिनिधि प्रश्नहरूको समवर्ती वैधता जाँच गर्न असम्भव प्रायः भएकाले यसबारे अध्ययन विश्लेषण गरिएको छ ।

### ४.२.३.३ विभेदकारिता

विभेदकारिता पनि प्रश्नपत्रमा हुनुपर्ने महत्त्वपूर्ण गुण हो । विभेद गर्न सक्ने अथवा उपलब्धिस्तरका आधारमा कसको क्षमता कति छ भनी मापन गर्न सक्नु नै विभेदकारिता हो । प्रश्नले विद्यार्थीहरूको बौद्धिक, तार्किक, सीपगत कुशलता, शैलीगत सिर्जनशीलता जस्ता पक्षहरूको समेत परीक्षणबाट उच्च, मध्यम र निम्नस्तर र निर्धारण गरी भिन्नता

छुट्याउन सक्छ भने त्यस्तो प्रश्नलाई विभेदकारिता युक्त प्रश्न भन्न सकिन्छ । विभेदकारिता युक्त प्रश्नले मात्र विद्यार्थीको वास्तविक स्तर निर्धारण गर्न सक्ने क्षमता राख्ने हुँदा परीक्षणमा उपयोग गरिने प्रश्न निर्माण गर्दा विशेष ध्यान पुऱ्याउनु पर्ने हुन्छ । यदि प्रश्नहरू मौलिकता एवम् सिर्जनशीलता झल्कने रचनात्मक गुणले युक्त हुन सके त्यस्ता प्रश्नहरूमा विभेदकारिता गुण प्रबल रहन्छ । पाठ्यपुस्तकबाट हुबहु खालका अनि स्मरणात्मक र कण्ठस्थीकरणलाई उचाइमा पुऱ्याउने खालका प्रश्नहरूले विभेदकारिताको गुणमा स्वतः ह्रास ल्याउँछन् ।

उक्त आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा पाठ्यपुस्तकबाट हुबहु सारिएका केही प्रश्नहरूले विभेदकारितामा ह्रास ल्याए पनि पहिचानात्मक एवम् उत्पादनात्मक प्रकृतिका प्रश्नको निर्माण गरी विशुद्ध पढाइ सीप, लेखाइ सीप, पढाइ लेखाइको एकीकृत सीप, शब्दभण्डारगत सीप तथा व्याकरणात्मक सीपहरूको परीक्षण गर्ने प्रश्नहरूको समेत निर्माण गरेकाले यसबाट विभेदकारितासम्बन्धी गुणको परीक्षण गर्न खोजिएको देखिन्छ । त्यसैले प्रतिनिधि प्रश्नपत्रहरूमा विभेदकारिताको गुण रहेकै मान्न सकिन्छ ।

### ४.२.३.४ व्यावहारिकता

परीक्षणीय प्रश्नहरूमा व्यवहारिकताको गुण रहनु अनिवार्य हुन्छ । मापनका साधन निर्माण तथा प्रयोगमा समय, प्रविधि, जनशक्ति जस्ता व्यवहारिक दृष्टिले उपयुक्त बनाउनु महत्त्वपूर्ण हुन जान्छ । परीक्षणलाई व्यवहारिक बनाउन यसका आन्तरिक तत्वहरू जस्तै प्रश्न सङ्ख्या, प्रश्नको किसिम, कठिनाइस्तर र उत्तर लेखनका लागि आवश्यक पर्ने समयावधि उपयुक्त र सुहाउँदो हुनुपर्छ (पराजुली र अन्य, २०६५ : १०) । प्रश्नपत्रलाई व्यवहारिक बनाउन परीक्षणको उपयुक्त समय, मितव्ययिता, नतिजा विश्लेषण, अङ्कन जस्ता पक्षहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले उक्त कुराहरूमा ध्यान पुऱ्याउनु पर्छ । तसर्थ प्रश्नपत्रलाई व्यवहारिक बनाउनका लागि उत्तरलेखनका लागि उपयुक्त समयावधि, अनुकूल वातावरण र अङ्कन प्रक्रिया पनि सरल र सहज बुझ्न सकिने खालको हुनुपर्छ । परीक्षणमा उपयोग गरिने प्रश्नहरू विश्वसनीय, वैध, सरल, स्पष्ट निर्देशन हुनुका साथै अङ्कभार र समयबीच सन्तुलन मिलेका, स्तरीय कागजमा प्रष्ट र

उचित आकारका अक्षर भएका साथै कम खर्चमा सजिलो किसिमले परीक्षण गर्न सकिने खालका छन् भने तिनलाई व्यवहारिक प्रश्न भनिन्छ ।

यस आधारबाट प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा प्रश्न सङ्ख्या र निर्धारित समय उपयुक्त देखिन्छ । खर्चको दृष्टिकोणबाट प्रश्नपत्र मितव्ययी छन् र मध्यम स्तरीय कागजको प्रयोग भएका छन् । विषयगत प्रश्नले अङ्कन प्रक्रियामा केही जटिलता उत्पन्न गरे तापनि व्याकरण र शब्दभण्डारगत प्रश्नहरूको अङ्कन गर्न भने सरल नै देखिन्छ । यसरी प्रश्नपत्रमा दिइएका प्रश्न र तोकिएको समय बीचको तालमेल राम्रो देखिन्छ ।

### ४.२.४ भाषा

प्रश्नपत्रको आन्तरिक स्वरूपलाई प्रभाव पार्ने तत्वमध्ये भाषा पनि एक हो । प्रश्नपत्रमा प्रयुक्त भाषाका माध्यमबाट नै विद्यार्थीहरूले उत्तर दिने हुँदा यसमा प्रयुक्त भाषा सरल, सहज, स्पष्ट शुद्ध एवम् विद्यार्थीको स्तर अनुरूपको हुनु आवश्यक छ । प्रश्नको भाषा दोहोरो अर्थ लाग्ने तथा अस्पष्ट भएका त्यस्ता प्रश्नपत्रको विश्वसनीयता र वैधता माथि नै आघात पुग्दछ ।

उक्त आधारमा प्रतिनिधि प्रश्नहरूमा अर्थघातक त्रुटिहरू पाइएका छैनन् । प्रश्नको भाषामा पाइएका सामान्य त्रुटिहरूको चर्चा अघिल्लो अध्यायमा गरिसकिएको छ ।

### ४.२.५ प्रश्नका विविध पक्षहरू

हाम्रो जस्तो मुलुकमा लिखित परीक्षालाई नै परीक्षणको मुख्य साधनका रूपमा प्रयोगमा ल्याइन्छ । त्यसमा पनि नेपाली विषयको परीक्षणमा त झन् यसको विकल्प देखिदैन । यसरी प्रयोगमा ल्याइने परीक्षणका साधनहरूले पाठ्यक्रमको, समग्रतालाई प्रतिनिधित्व गर्न सक्नुपर्छ । लिखित परीक्षा मार्फत परीक्षण गर्दा विषयगत र वस्तुगत दुई प्रकारका प्रश्नपत्रहरू प्रयोगमा ल्याउन सकिन्छ । यसरी प्रयोगमा ल्याइने विषयगत प्रश्नहरू उत्पादनात्मक प्रकृतिका हुन्छन् । विषयगत प्रश्नहरू व्यक्तिनिष्ठ हुने हुँदा यस्ता प्रश्नहरूद्वारा गरिएको परीक्षणबाट प्राप्त हुने प्राप्ताङ्कमा एकरूपताको अभाव देखिन्छ । प्रश्नपत्रहरूको अध्ययन गर्नुपर्दा विषयगत र वस्तुगत दुवै प्रकृतिका प्रश्नहरूको समावेश गरेको पाइन्छ । यस्ता प्रश्नहरूबाट पढाइ र लेखाइसम्बन्धी सीपको परीक्षण मात्र हुन सकेको छ । किनकि यो लिखित परीक्षा भएकाले यसका माध्यमबाट सुनाइ र बोलाइ

सीपको परीक्षण प्रायः असम्भव भएको पाइन्छ । प्रश्नपत्रहरूमा समाविष्ट प्रश्नहरूलाई हेर्दा पाठ्यक्रम अनुरूपको विषयवस्तु वा क्षेत्र समेट्ने प्रयास गरेको पाइन्छ । प्रश्नपत्रमा बहुवैकल्पिक प्रश्नको भने व्यवस्था गरिएको छैन । पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरले प्रकाशन गरेको पाठ्यक्रममा यसको व्यवस्था नभएकोमा यसलाई अनुपयुक्त प्रश्नपत्र भन्न सकिँदैन ।

प्रश्नपत्रहरूमा समाविष्ट प्रश्नपत्रहरूलाई हेर्दा पाठ्यक्रम अनुरूपता बनाउने प्रयास गरिएको पाइन्छ । पाठ्यक्रम र विशिष्टीकरण तालिकाअनुसार प्रश्नहरू निर्मित भएको छन् । पाठ्यक्रमले राखेको उद्देश्य बमोजिम पढाइ सीप, लेखाइ सीप, पढाइ र लेखाइ एकीकृत सीप, शब्दभण्डारगत सीप र व्याकरणात्मक सीप परीक्षण गर्ने प्रश्नहरू समावेश गरिएकाले यिनीहरूलाई उपयुक्त नै मान्न सकिन्छ । प्रश्नपत्रमा समाविष्ट प्रश्नका आधारमा विश्वसनीयता, वैधता, व्यवहारिकता, विभेदकारिता जस्ता गुणहरू केही मात्रामा पाइए पनि पूर्ण रूपमा भने पाइदैनन् । प्रश्नपत्रमा प्रयुक्त भाषामा केही त्रुटि रहे पनि अर्धघातक त्रुटिहरू भने नपाइएकाले उपयुक्त नै मान्न सकिन्छ । भाषिक पक्षहरू भाषिक सीप र धारणासँग सम्बद्ध हुन्छन् तसर्थ यिनैको विकास एवम् परीक्षणका लागि प्रश्नपत्र बनाइनु पर्ने हो तर यहाँ लिखित परीक्षालाई मात्र परीक्षणको आधार बनाइएकाले भाषाका चारवटै सीपको पूर्ण रूपमा परीक्षण हुन सकेको देखिँदैन ।

प्रश्नपत्रको बाह्य आधार अन्तर्गत निर्देशन, अङ्क विभाजन, समय निर्धारण, प्रस्तुति अनुक्रम, प्रश्नको स्वरूप र भाषा पर्दछन् । बाह्य आधारको प्रभाव आन्तरिक आधारको प्रभावकारितामा समेत पर्ने भएकाले प्रश्नपत्रमा आन्तरिक आधारका साथसाथै बाह्य आधार पनि सबल हुनु जरुरी छ । नेपाली भाषाजस्तो विषयको प्रश्नपत्र निर्माण गर्दा यसको स्वरूपदेखि लिएर वर्णविन्यासगत त्रुटिमा समेत सचेतता अपनाउनुपर्छ । बाह्य आधारका कुनै प्रश्नमा भएको सानो गल्तीले अपेक्षित उत्तरलाई असर पारी परीक्षणीय प्रश्न ओझेलमा पर्न सक्ने हुनाले प्रश्नपत्र निर्माणकर्ता चनाखो हुनुपर्ने हुन्छ । त्यसैले प्रश्नपत्रमा दिइने निर्देशन स्पष्ट, शुद्ध, अङ्क विभाजन र समय निर्धारणबीच तालमेल भएको प्रश्नहरूको प्रस्तुति अनुक्रम मिलेको प्रश्नको आकार मध्यम खालको तथा कागज राम्रो हुनु अति नै आवश्यक हुन्छ ।

अध्याय पाँच

# सारांश, निष्कर्ष तथा सुझाव

## ५.१ सारांश

प्रस्तुत शोधपत्रको शीर्षक 'कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०७४ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन' रहेको छ । प्रस्तुत शोधपत्रको अध्याय एकमा शोधपरिचय राखिएको छ । यसअन्तर्गत पृष्ठभूमि, समस्याकथन, शोधअध्ययनका उद्देश्यहरू, अध्ययनको औचित्य/महत्त्व, अध्ययनको सीमाङ्कन, शोधपत्रको रूपरेखा जस्ता उपशीर्षकहरु रहेका छन् ।

अध्याय दुईअन्तर्गत पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा राखिएको छ । जसअन्तर्गत पूर्वकार्यको समीक्षा, सैद्धान्तिक परिचय सम्बन्धी उपशीर्षकहरु समावेश गरिएको छ ।

त्यस्तै अध्याय तीनमा अध्ययन विधि र प्रक्रिया अन्तर्गत सामग्री सङ्कलन विधि उपशीर्षक समावेश गरिएको छ ।

अध्याय चारमा व्याख्या तथा विश्लेषण मूल शीर्षकअन्तर्गत बाह्य आधारमा प्रश्नपत्रको अध्ययन- निर्देशन, प्रश्न निर्देशन, विकल्प निर्देशन, पृष्ठ निर्देशन, अङ्क विभाजन र समय निर्धारण, पूर्णाङ्क र त्यसको वितरण, उत्तीर्णाङ्क, पढाइ सीप र अङ्क विभाजन, लेखाइ सीप र अङ्क विभाजन, शब्दभण्डार र अङ्क विभाजन, व्याकरण र अङ्क विभाजन, समय निर्धारण, प्रस्तुति अनुक्रम, प्रश्नपत्रको स्वरूप, शीर्ष भाग, आकार, प्रश्न सङ्ख्या, प्रश्न र पृष्ठ, कागज, छपाइ र सफाइ, भाषा, वर्णविन्याससम्बन्धी त्रुटि, पदयोग र वियोगसम्बन्धी त्रुटि, चिन्ह प्रयोग सम्बन्धी त्रुटि, वर्ण वा अक्षर लोपसम्बन्धी त्रुटि; आन्तरिक आधारमा प्रश्नपत्रको अध्ययन- पाठ्यक्रम अनुरूपता, विधा वा विषयवस्तुको उद्देश्य र प्रश्न, विषयवस्तुको सीमाक्षेत्र र प्रश्न, विधाको अङ्कभार र प्रश्न सन्तुलन, विधागत समय र प्रश्न सापेक्षता, भाषिक पक्षहरूको संयोजन र सन्तुलन, पढाइ सीप परीक्षण, लेखाइ सीप परीक्षण, शब्दभण्डार क्षमता र परीक्षण, व्याकरणात्मक सीप परीक्षण, प्रश्नमा हुनुपर्ने गुण, विश्वसनीयता, वैधता, विभेदकारिता, व्यावहारिकता, भाषा, प्रश्नका विविध पक्षहरू जस्ता उपशीर्षकहरु समाविष्ट छन् ।

त्यस्तै यस शोधपत्रको अन्तिम अध्याय पाँचमा सारांश, निष्कर्ष तथा उपयोगिता राखिएको छ । जसमा सारांश, निष्कर्ष र शैक्षणिक उपयोगिता उपशीर्षक रहेको छ ।

शोधपत्रको अन्त्यमा सन्दर्भसामग्री सूची, परिशिष्ट र व्यक्तिवृत्त समावेश गरिएको छ ।

## ५.२ निष्कर्ष

'कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०७४ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन' शीर्षकको शोधकार्य गर्नका लागि प्रश्न विश्लेषणका आन्तरिक र बाह्य आधारहरूलाई मुख्य आधार मानिएको छ । यिनै आधारहरूमा आधारित भएर यो शोधपत्र तयार पारिएको छ ।

प्रतिनिधि प्रश्नपत्रहरूमा उपयोग गरिएका प्रश्नहरूको आन्तरिक र बाह्य आधारहरूको सीमाभित्र रही अध्ययन विश्लेषण गरी निम्न बमोजिमको निष्कर्ष निकालिएको छ :

- प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा कैलाली जिल्लाको प्रश्नपत्रमा शीर्ष निर्देशन नै नदिएकाले यसलाई त्रुटि भएको मान्न सकिन्छ । त्यस्तै भक्तपुर, मोरङ र कैलाली जिल्लाले जिल्लाको नाम उल्लेख गरेको पाइँदैन भने कास्की जिल्लाले शीर्ष भागमा नै नेपाली सँगसँगै अंग्रेजीमा District Level Examination-2074 भनी लेख्नुलाई कमजोरी मानिन्छ ।
- प्रश्नहरूको निर्देशनलाई हेर्दा सबै जिल्लाका प्रतिनिधि प्रश्नपत्रहरूमा प्रश्न निर्देशन उपयुक्त तरिकाले दिइएकाले यसलाई सन्तोषजनक नै मान्न सकिन्छ ।
- विकल्प निर्देशनलाई हेर्दा अङ्क र अक्षर दुवैको प्रयोग गरिएको पाइन्छ । पृष्ठ निर्देशन भक्तपुर र कास्की बाहेक अन्य सबै जिल्लाले बेवास्ता गरेको र त्यसमा पनि बाँके र कैलालीले अन्त्यमा समाप्त लेखेको पाइन्छ भने मोरङ जिल्लाको प्रश्नपत्रमा त समाप्त पनि नलेखेर यसलाई प्रश्नपत्र निर्माणका क्रममा गरिएको ठूलो लापरवाही मान्न सकिन्छ ।

- प्रतिनिधि प्रश्नपत्रहरू एउटै तह, स्तर र एक किसिमका भएकाले यी सबै प्रश्नपत्रहरूमा पूर्णाङ्क र समयका बीच एकरूपता पाइएकाले यसलाई राम्रो पक्ष मान्न सकिन्छ ।
- अङ्क विभाजनलाई हेर्दा मोरङ जिल्लाको प्रश्नपत्रमा चिठीको विकल्पको रूपमा वादविवादलाई राखेको पाइन्छ र त्यस्तै गरी भक्तपुरको प्रश्नपत्रमा वादविवादको विकल्पको रूपमा चिठीलाई राखेको पाइन्छ । यसरी प्रश्नपत्र निर्माणमा सामान्य रूपमा तल माथि भए पनि अन्य अङ्क वितरणमा समानता नभए पनि पूर्णाङ्कमा भने एकरूपता पाइन्छ । यो पाठ्यक्रम अनुरूप भएकाले यी सबै प्रश्नहरूलाई उपयुक्त नै मान्न सकिन्छ ।
- पूर्णाङ्क अनुसार समयको निर्धारण गरिए पनि प्रश्नगत रूपमा समयको विभाजन भने गरिएको पाइदैन ।
- प्रस्तुत अनुक्रमलाई हेर्दा भक्तपुर, कास्की, बाँके, कैलालीका प्रश्नपत्रहरू नमुना प्रश्नपत्र बमोजिम भए पनि मोरङ जिल्लाको प्रश्नपत्र आफ्नै ढङ्गले शब्दभण्डार र व्याकरणात्मक प्रश्नबाट शुरु गरेको पाइएकाले प्रस्तुत अनुक्रममा असमानताको स्थिति देखापरेको छ ।
- प्रश्नपत्रको स्वरूपलाई हेर्दा मोरङको प्रश्नपत्र निर्माणमा केही भिन्नता देखिए पनि खासै त्रुटि मान्न सकिँदैन । कहि कतै भने निर्देशन एउटा पृष्ठमा र प्रश्न अर्को पृष्ठमा दिने जस्ता गल्तीहरू पनि प्रतिनिधि प्रश्नपत्रहरूमा भेटिन्छन् ।
- प्रश्नपत्रमा प्रयोग गरिएको कागज र छपाइ, सफाइ मध्यम खालको भएकाले उपयुक्त मान्न सकिन्छ ।
- प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा सबै प्रश्नपत्रहरूमा समानता पाइएको खासै त्रुटि नभेटिएको र छपाइसम्बन्धी कहि कतै सामान्य त्रुटि भेटिन्छन् ।
- पाँच विकास क्षेत्रका प्रतिनिधि प्रश्नपत्रहरूमा वर्णविन्यास सम्बन्धी, पदयोग र वियोग सम्बन्धी, चिन्ह प्रयोग सम्बन्धी, वर्ण र असर लोप सम्बन्धी अध्ययन गर्दा त्यस्ता त्रुटिहरू कमै मात्रामा भएका पाइन्छन् ।

- प्रतिनिधि प्रश्नपत्रमा पाठ्यक्रमले निर्दिष्ट गरेका सबै विधाहरूलाई समावेश गरेर प्रश्न सोधेको देखिए पनि यिनीहरू केवल पढाइ र लेखाइ सीपको परीक्षणमा मात्र केन्द्रित रहेका देखिन्छन् । प्रयोगात्मक परीक्षणको व्यवस्था नगरिएकाले सुनाइ र बोलाइ जस्ता भाषिक सीपको परीक्षणका लागि प्रश्नहरू सक्षम छैनन् ।
- प्रतिनिधि प्रश्नहरू पाठ्यक्रम अनुरूप उद्देश्य पूरा गर्ने हेतुले तयार गरिएका पाइए पनि रूपक विधाबाट भने मौखिक अभिव्यक्ति र उच्चारण सीप परीक्षणको साटो लेखन क्षमताको परीक्षण गर्न मात्र उपयोग गरिएकाले विषयवस्तु र विधाको सीमा दृष्टिले त्रुटिपूर्ण देखिन्छ ।
- प्रतिनिधि प्रश्नपत्रहरूलाई हेर्दा प्रश्नमा हुनुपर्ने गुणहरूमा अभाव पाइन्छन् ।
- कतिपय प्रश्नहरूमा स्पष्ट निर्देशनको अभावले, पाठ्यपुस्तकबाट जस्ताको त्यस्तै सारिएका प्रश्नहरूको समावेश गरिनु, प्रश्नगत समय विभाजन नगरिनुले गर्दा प्रश्नपत्रको विश्वसनीयता र वैधता माथि नै शङ्का उत्पन्न भएको छ ।
- प्रतिनिधि प्रश्नपत्रमा प्रयुक्त भाषा अशुद्ध, अस्पष्ट र हिज्जेको गलत प्रयोग समेत भएको हुँदा प्रश्न निर्माण गर्दा त्यति सचेतता नअपनाइएको देखिन्छ ।
- लेखाइ सीपको परीक्षणका लागि सोधिएका कतिपय प्रश्नहरूमा विकास क्षेत्रगत तालमेल नमिलेको देखिन्छ ।
- प्रतिनिधि प्रश्नपत्रहरू सुनाइ र बोलाइ सीप परीक्षण गर्न असक्षम भए पनि पढाइ र लेखाइ सीपको परीक्षणका दृष्टिले उपयुक्त देखिन्छन् ।
- प्रतिनिधि प्रश्नहरूमा पहिचानात्मक र उत्पादनात्मक दुवै प्रकृतिका प्रश्नहरू रहे पनि उत्पादनात्मक प्रकृतिका प्रश्नहरूको बाहुल्यता रहेको छ ।

## ५.३ शैक्षणिक उपयोगिता

प्रस्तुत शोधकार्यमा कक्षा ८ को २०७४ मा उपयोगि गरिएका प्रश्नहरुको बाह्य र आन्तरिक आधरमा अध्ययन गरिनुका साथै साथै शैक्षणिक सुधार र पाठ्यक्रम निर्माण जस्ता पक्षहरूमा उपयोगी हुने देखिन्छ । प्रस्तुत शोधको तुलनात्मक अध्ययनको उपयोगिता निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

### ५.३.१ नीतिगत तह

१. प्रश्नपत्र निर्माता, लेखक, विद्यार्थी, समालोचक, आदि सबैलाई प्रश्नपत्र निर्माणसम्बन्धी जानकारी प्राप्त गर्न उपयोगी हुनेछ ।

२. प्रश्नपत्र तथा अन्यसामग्री निर्माणकर्तालाई भाषिक सिपसम्बन्धी अभ्यासहरू समावेश गर्न तर्फ सचेत गराउनेछ ।

३. यस अध्ययनले प्रश्नपत्र निर्माणसम्बन्धी आवश्यक शैक्षिक सामग्री निर्माणमा सहयोग पुऱ्याउनेछ ।

४. प्रस्तुत अध्ययनले कक्षा ८ को प्रश्नपत्र निर्माण गर्ने निर्मातालाई उक्त प्रश्नमा समावेश गरिनेछ छनोट र स्तरणमा सहयोग पुग्ने देखिन्छ ।

५. मूल्याङ्कनकर्तालाई मूल्याङ्कनसम्बन्धी नीति निर्माण गर्न सहयोग पुग्नेछ ।

### ५.३.२ प्रयोगगत तह

१. विद्यार्थीहरूको स्तर क्षमता र आवश्यकताअनुसार छनोटमा सहयोगी हुनेछ ।

२. शिक्षकलाई पेशागत रूपमा सक्षम बनाइ शिक्षक विद्यार्थीहरूलाई पृष्ठपोषण प्रदान गर्न सहयोग मिल्नेछ ।

३. विद्यार्थीहरूको आवश्यकता र स्तरअनुसार विषयवस्तु, विधि, शिक्षण सामग्री र मूल्याङ्कन प्रक्रिया छनोट गर्न उपयोगी रहनेछ ।

४. विद्यार्थीहरूलाई प्रश्नको स्तर छनोट र स्तरणसम्बन्धी आवश्यकता सिप ग्रहण गर्न सहयोगी हुने देखिन्छ ।

## ५.४ भावी अध्ययनका लागि सम्भाव्य शीर्षकहरू

भावी अध्ययनका लागि निम्न शीर्षकहरू उपयुक्त छन् :

- भाषिक सीप परीक्षण : एक अध्ययन ।

- मूल्याङ्कनीय दृष्टिले कक्षा ८ को नेपाली विषयको पाठ्यक्रमको विश्लेषणात्मक अध्ययन ।
- निम्न माध्यमिक तहमा निर्माणात्मक मूल्याङ्कनको महत्त्व
- निम्न माध्यमिक नेपाली विषयमा समाविष्ट विधाहरूको तुलनात्मक अध्ययन ।
- नेपाली भाषाका स्तरयुक्त परीक्षा र शिक्षक निर्मित परीक्षाको तुलनात्मक अध्ययन ।

## सन्दर्भसामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०६३), *भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, दिलिपकुमार (२०५९), '२०५८ मा उपयोग गरिएका कक्षा ८ को नेपाली भाषाका प्रश्नहरूको विश्लेषण', अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

उप्रेती, मदनकुमार (२०६८), 'कक्षा ८ को जिल्ला स्तरीय परीक्षा २०६६ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

जबरा, स्वयंप्रकाश र अन्य (२०६४/०६७), *शिक्षामा मापन तथा मूल्याङ्कन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

पराजुली, तीर्थराज र अन्य (२०६५), *शिक्षामा मापन तथा मूल्याङ्कन,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), *नि.मा.वि. पाठ्यक्रम,* सानोठिमी, भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०६१), *विशिष्टीकरण तालिका,* सानोठिमी, भक्तपुर ।

पौडेल, माधवप्रसाद (२०५२), 'जिल्ला स्तरीय परीक्षा २०५१ मा उपयोग गरिएका कक्षा ८ को नेपाली भाषा विषयक प्रश्नहरूको विश्लेषण', अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

बस्नेत, कमलबहादुर (२०६२), 'कक्षा ८ को जिल्ला स्तरीय परीक्षा २०६१ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०६७/०६८), *भाषिक अनुसन्धान विधि (ते.सं.),* काठमाडौँ : शुभ कामना प्रकाशन ।

भण्डारी, पारसमणि र रामनाथ ओफा (२०६८), *भाषिक अनुसन्धान विधि* (प्र.सं.) काठमाडौँ : पब्लिकेशन प्रा.लि. ।

लामिछाने, यादवप्रकाश (२०६५), *नेपाली भाषा शिक्षण परिचय,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, मोहनराज र खगेन्द्र प्रसाद लुइँटेल (२०६२), *शोधविधि (ते.सं.),* काठमाडौँ : साफा प्रकाशन ।

शर्मा, चिरञ्जीवी र निर्मला शर्मा (२०६१), *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स ।

शाह, पुष्पा (२०६५), 'कक्षा ८ को जिल्ला स्तरीय परीक्षा २०६५ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.वि. कीर्तिपुर ।